**मजदुर विज्ञापन शाखा**

**नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५**

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



**सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।**

- जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने कार्य नगरौं,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच आउने कार्य नगरौं,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुऱ्याउने कार्य नगरौं,
- जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने कार्य नगरौं,
- शान्ति सुरक्षामा खलल पुग्ने कार्य नगरौं,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने कार्य नगरौं,
- जनमानसमा भ्रम सिर्जना गर्ने कार्य नगरौं,

पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्दा सतर्कता अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



★ वर्ष : २८ ★ अङ्क : ११८ ★ ने. सं. ११४६ अनाला थ्व, पञ्चमी ★ बिहिबार ★ ७ जेठ, २०८३ ★ May 21, 2026, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


# पुराना संरचनाले हाम्रो इतिहास र सभ्यताको परिचय दिने




भक्तपुर, ६ जेठ । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर नगरपालिकाबाट पुन:निर्माण सम्पन्न भक्तपुर नपा वडा नं. ४ मङ्गलाछेँस्थित हाडा छेँको मूल ढोकाको रिबन काटेर बुधबार उद्घाटन गर्नुभयो ।

कार्यक्रमको उद्घाटन गर्दै उहाँले लामो समयदेखि जीर्ण अवस्थामा रहेको हाडा छेँ पुन:निर्माण सम्पन्न हुनु आफैमा गौरवको विषय भएको बताउनुभयो । यस्ता पुराना संरचनाले हाम्रो इतिहास र सभ्यताको परिचय दिने बताउँदै उहाँले भक्तपुर नगरपालिकाले यस्ता मौलिक घरहरूलाई आगामी दिनहरूमा पनि म्हास्न नदिई सम्पदा संरक्षणको रूपमा प्राथमिकतामा राखेर अगाडि बढ्नुपर्छ भन्नुभयो ।

उहाँले भक्तपुरको मौलिक संस्कृति, सम्पदा र परम्परालाई जोगाउनु हाम्रो दायित्व हो भन्दै भक्तपुरका ऐतिहासिक संरचना, कला, संस्कृति र मौलिक वास्तुकलाकै कारण भक्तपुरका सम्पदाप्रति विदेशी पर्यटक तथा अनुसन्धानकर्ताहरूको आकर्षण दिनप्रतिदिन बढ्दै गएको बताउनुभयो ।

उहाँले सम्पदा इतिहाससँग मात्र जोडिएको नभई देशको पर्यटन विकास र अर्थतन्त्रसँग पनि जोडिएको हुन्छ चर्चा गर्दै विदेशीहरूको चासो र अनुसन्धानले भक्तपुरका संस्कृति विश्वसामु चिनाउने अवसर बनेको बताउनुभयो ।

सिकर्मी र डकर्मीहरू 'सांस्कृतिक गुरु' हुन् भन्नु उचित हुने बताउँदै अध्यक्ष बिजुक्छेँले उहाँहरूले समाज र देश विकासमा हाम्रो सभ्यता, मौलिक कला र सांस्कृतिक धरोहरका संरक्षणकर्ता र पुस्तान्तरण गर्ने अभियन्ताको भूमिका निर्वाह गरिरहेको बताउनुभयो ।

भक्तपुरका पुराना घरहरू बसोबासका संरचनाहरू मात्र नभई ती हाम्रो इतिहास, संस्कृति र मौलिक पहिचानका जीवित धरोहर हुन् भन्दै उहाँले यहाँका परम्परागत वास्तुकला, काष्ठकला र सांस्कृतिक स्वरूपहरूलाई जोगाउनु आजको आवश्यकता भएको बताउनभयो । नगरपालिकाले यस्ता ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका घरहरूको संरक्षण, पुन:निर्माणमा विशेष ध्यान दिनुपर्ने उहाँले स्पष्ट पार्नुभयो ।

कार्यक्रमका सभापति भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले हाडा छेँ उद्घाटन कार्यक्रम गर्न पाउँदा अत्यन्त हर्षित भएको बताउँदै यो भौतिक संरचना मात्र नभई भक्तपुरको सांस्कृतिक गौरव झल्काउने सम्पदा भएको बताउनुभयो । भक्तपुरको मौलिक सभ्यता र जीवनशैलीबारे सकारात्मक सन्देश प्रवाहमा हाडा छेँ पुन:निर्माणले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्दै हाडा छेँको पूर्वपट्टिमा रहेको भित्तेचित्रको पनि विशेष अर्थ रहेको बताउनुभयो । प्रमुख प्रजापतिले भक्तपुरको मौलिक संस्कृति संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले हाडा छेँको पुन:निर्माण भएको बताउँदै यस ठाउँलाई कसरी सदुपयोग गर्ने भन्ने विषयमा जनताको राय सुझावअनुसार अगाडि बढ्ने बताउनुभयो ।


***बाँकी पृष्ठ २ मा***


# भनपाका खेलाडीलाई सम्मान तथा सांस्कृतिक परिचयसहितको भवनमा सहयोग




भक्तपुर, ६ जेठ । नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा २०८२ सालमा भक्तपुर जिल्लाबाट विभिन्न खेल प्रतियोगितामा सहभागी भई पदक प्राप्त गरेका वर्षका उत्कृष्ट पुरूष तथा महिला खेलाडी सम्मान तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्न सफल खेलाडी, रेफ्रि, निर्णायक तथा प्रशिक्षक प्रशिक्षणमा उत्तीर्ण प्रशिक्षकहरूलाई बुधबार सम्मान गरियो ।

भक्तपुर नगरपालिकामा जनप्रतिनिधिको ४ वर्षे कार्यक्रमको अवसरमा भक्तपुर नपाको आयोजनामा भएको उक्त कार्यक्रममा वर्ष खेलाडी, रेफ्रि र निर्णायक तथा प्रशिक्षक प्रशिक्षणमा उत्तीर्ण प्रशिक्षक गरी १११ जना सम्मानित भएको थियो ।

कार्यक्रममा पार्टी सचिव सुवालले खेलकुद स्वास्थ्य, अनुशासन, मित्रता र सार्वभौमिकता रक्षाको लागि हुनुपर्ने आवश्यकता औंल्याउँदै खेलकुद पर्यटन प्रवर्द्धनसँग पनि जोडिएको बताउनुभयो ।

हाड-जोर्नीका विशेषज्ञ डाक्टरहरूले ५-७ वर्षदेखि नै बालबालिकालाई खेलकुदमा लगाउनुपर्ने र एकोहोरो कक्षा कोठामा मात्र सीमित गर्न नहुने सुझाव दिएबाट खेलकुदको महत्त्व स्पष्ट हुने उल्लेख गर्दै उहाँले भन्नुभयो, "कतिपय देशमा विद्यालय र कलेजसँगै पर्याप्त खेलमैदानको व्यवस्था गरिएको हुन्छ । नेपालका अधिकांश विद्यालय र कलेजमा पर्याप्त खेलमैदानको बन्दोबस्त छैन । देशको सन्तुलित विकास गरिएको भए विद्यालय र कलेजमा पर्याप्त खेलमैदानको व्यवस्था हुने थियो ।"

सचिव सुवालले भन्नुभयो, "प्रधानमन्त्री र मन्त्रीहरूको उमेर नयाँ भएर पुग्दैन । सरकारको नेतृत्वमा रहेको रास्वपाको विधानमा 'शोषणरहित समाज बनाउने' उल्लेख छ । यस्तो त निर्दलीय पञ्चायती सामन्तवादले पनि उल्लेख गरेको थियो । तर, शोषणरहित समाजको निर्माण भएन, पञ्चायती सामन्तवाद नै समाप्त भयो । शोषणरहित समाज निर्माणको लागि उत्पादनका साधनहरू सामाजिकीकरण हुनु जरुरी हुन्छ । रास्वपाको निर्वाचन घोषणापत्रमा आर्थिक उदारीकरण उल्लेख गरिएको छ । यसको अर्थ सार्वजनिक संस्थानहरू बिक्री गर्ने, विदेशी पुँजी र ऋण ल्याएर देशलाई नवउपनिवेश बनाउने हो ।"

"रास्वपा सरकारको नीति-कार्यक्रममा खेलकुद विकासको ठोस विषय उल्लेख भएन । विद्यालय र कलेजमा पर्याप्त खेलमैदान र खेल सामग्री व्यवस्था नहुने तथा खेलकुद भवन र रङ्गशाला धेरै भए अस्पताल र स्वास्थ्य केन्द्र कम भए पुग्ने नबुझेका सरकारहरू जनता र खेलाडीको लागि जरुरी छैन", उहाँले उल्लेख गर्नुभयो ।


***बाँकी पृष्ठ २ मा***


# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – १९

**प्रत्यक्षदर्शी आयुष भट्टराई**

भदौ २३ गते प्रदर्शनकारीहरूको भीड संसद् भवन प्रवेश गर्न खोज्दा नेपाल प्रहरी र सशस्त्र प्रहरीका सुरक्षाकर्मीहरूले भीडलाई अगाडि जान दिई राखेको थिएन । भीडले प्रहरीमाथि ढुङ्गामुढा गर्न थाले । अश्रुग्याँस प्रहार गर्दा पनि भीड नहटेपश्चात् सुरक्षाकर्मीको तर्फबाट ड्याङ ड्याङ गोली फायर गर्दै गरेको आवाज मैले सुनेको र केही प्रदर्शनकारीहरू गोली लागी घाइते भई निजहरूलाई उपचारको लागि एम्बुलेन्समा अस्पतालतर्फ लगेको कुरा सोही भीडमा हल्ला खल्ला सुनेको हुँ । एभरेष्ट होटल अगाडि रहेको मानिसहरूको भीड आकाशे पुलनिर उभी प्रदर्शन हेरिरहेका इश्वर अधिकारीलाई छातीमा गोली लागि निज सोही आकाशे पुलनिर ढली छटपटाउन थालेको अवस्थामा मैले प्रत्यक्ष देखेको हुँ ।

भदौ २३ गतेको मानवीय क्षतिपछिको आक्रोसमा अन्य विभिन्न आपराधिक समूहको घुसपैठले भदौ २४ गते सरकारी, निजीलगायतका भौतिक सम्पत्तिहरूमा तोडफोड आगजनी र लुटपाट घटना घटाएको हुनु पर्दछ ।

**थाहा खबर डटकमको नयाँ बानेश्वरका सुरक्षा गार्ड नेत्रप्रसाद चौधरी**

भदौ २३ र २४ गते दुवै दिन म बिहान ६ बजेदेखि बेलुका १८ बजेसम्म थाहा खबर डटकमको नयाँ बानेश्वरस्थित कार्यालयमा नियमित ड्युटीमै थिएँ । भदौ २३ गते अन्दाजी ११:३० बजेको समयमा माइतिघर तर्फबाट आन्दोलन गर्दै हजारौँको सङ्ख्यामा मानिसहरू नयाँ बानेश्वरतर्फ आउँदै गरेको देखेको थिएँ । अन्दाजी १२:३० बजे नयाँ बानेश्वरमा जम्मा भएका आन्दोलनकारीहरू निषेधित क्षेत्र तोडेर ढुङ्गामुढा गर्दै आक्रमक तवरले संसद् भवनतर्फ अगाडि बढिरहेका थिए । अन्दाजी १३ बजेको समयमा चारैतर्फकबाट प्रदर्शनकारीहरू जम्मा भएपश्चात् भीड झन्–झन् आक्रामक हुँदै गयो । त्यसपछि मैले देखेसम्म संसद् भवन भित्रैबाट सुरक्षाकर्मीद्वारा गोली प्रहार सुरु भयो । सो क्रममा ४–५ जना गोली लागेर ढलेको मैले आफ्नै आँखाले देखेको थिएँ । गोली लागेर ढलेकालाई प्रदर्शनकारीहरूले नै उद्धार गरिरहेका थिए ।

सो क्रममा संसद् भवनतर्फबाट प्रहार गरिएको अश्रुग्याँस आकाशतर्फ गएर मुनि झर्ने, प्रदर्शनकारीहरूले सुरक्षाकर्मीले हाम्रो अफिसको छतमाथिबाट गोली प्रहार गरिरहेको हुन सक्छ भनेर शङ्का पनि गरे । शङ्काको निर्क्यौल गर्न पटक-पटक गरी ४ चोटि ८–१० जनाको समूहमा रहेका प्रदर्शनकारीले हाम्रो अफिस भवनको छतमा गएर हेरे तर त्यहाँ एक जना पनि सुरक्षाकर्मी रहेको पाइएन । सोही दिन भागदौडको क्रममा हाम्रो अफिसको ताला तोडेर भित्र प्रवेश गर्ने, लुक्ने र फेरि निस्किने गरिरहेका थिए । आन्दोलनकारीहरूले पटक-पटक हाम्रो अफिस नजिक आएर यो प्रचण्डेको


***बाँकी पृष्ठ २ मा***



**ख्वप माध्यमिक विद्यालय**

**शारदा क्याम्पस माध्यमिक विद्यालय**

देकोचा, भक्तपुर

**कक्षा ११ भर्ना कार्यक्रमसम्बन्धी सूचना**

शैक्षिक वर्ष २०८३/८४ को लागि कक्षा ११ विज्ञान, व्यवस्थापन, मानविकी, कानुन र शिक्षाशास्त्र संकायमा अनलाइनमार्फत भर्ना कार्यक्रम सञ्चालन भइरहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**आवेदन फारामको लागि वेभसाइट** : https://kss.mpathshala.com/kssnewadmission
**फाराम बुझाउने अन्तिम मिति** : २०८३ जेठ ८ गते, शुक्रबार, साँझ ५ बजेसम्म
**प्रवेश परीक्षा मिति** : २०८३ जेठ ९ गते, शनिबार
**प्रवेश परीक्षा समय** : बिहान ८:०० बजेदेखि १०:०० बजेसम्म **(पहिलो शिफ्ट)**
: दिउँसो १२:३० बजेदेखि २:३० बजेसम्म **(दोस्रो शिफ्ट)**

एसईई र प्रवेश परीक्षा नतिजाको आधारमा जेहेनदार तथा उत्कृष्ट विद्यार्थीहरूलाई छात्रवृत्तिको विशेष व्यवस्था छ । साथै, कक्षा ११ मा देहायका ऐच्छिक विषयहरू अध्यापन गराइन्छ ।

| Stream | Optional Subjects |
|---|---|
| Science | Physics, Biology, Computer Science, Chemistry |
| Management | Accounting, Business Studies, Computer Science, Finance, Business Mathematics, Economics, Hotel Management, Marketing, Tourism & Mountaineering Studies |
| Humanities | Painting, Mass Communication, Political Science, Culture, Opt. English |
| Law | Jurisprudence and Legal Theories, Procedural Law, Constitutional Law |
| Education | Child Development and Learning, Population Studies, Opt. English, Opt. Nepali |

विद्यालयको सूचना, प्रवेश परीक्षा तथा भर्नासम्बन्धी अन्य जानकारी विद्यालयको **Facebook page:** https://www.facebook.com/khwopahss र फोन नं ०१६६१०९३२, ०१६६१४३३६, ९७४१८१११७८, ९७४१८१११७९, ९७४१८१११८० बाट प्राप्त गर्न सकिनेछ ।

**website :** www.khwopahss.edu.np

**भनपाका...**

सचिव सुवालले भन्नुभयो, "भदौ २३ को हत्या र भदौ २४ गतेको आगजनीमा संलग्नहरूलाई उम्मेदवार हुन नपाउने व्यवस्था गरेर मात्र फागुन २१ गतेको चुनाव हुनुपर्ने थियो । यो घटनाको दोषीलाई कारबाही गर्न गठित छानबिन आयोगमा प्रहरी अधिकारीहरूले दिएको बयानमा भदौ २३ र २४ गतेको उपद्रवमा मादक र लागूपदार्थ सेवन गरेका, जेलबाट भागेका, प्रहरी सेवाबाट भागेका, गुण्डागर्दीमा लागेकाहरूले डण्डी, झम्पल, खुकुरी, गुलेलीलगायत हतियार बोकेको समेत भएको उल्लेख छ ।"

ट्रम्प र नेतन्याहुको इरानमा सैन्य आक्रमणसँगै इन्धनको अभाव बढ्ने र अबको ६ महिनामा १२० प्रतिशतसम्म मूल्य बढ्ने आकलन गरिएबाट संसारका ८० प्रतिशत गरिब जनताको जीवन थप कठिन हुने देखिएकोले खेलाडीहरूले युद्धको विरोध गर्नु जरुरी भएको सचिव सुवालले बताउनुभयो ।

उहाँले भन्नुभयो, "निर्वाचन आयोगले विद्युतीय मतदान र अनलाइन मतदानको व्यवस्था हुने ऐनको मस्यौदा गरेको छ । भारत र संरा अमेरिकामा यसरी भएको मतदानमा पनि सरकार पक्षले धाँधली गरेको यस अगाडि नै सार्वजनिक भएको हो । नेपाली मतदाता सबै विद्युतीय मतदान र अनलाइन मतदान गर्न सक्ने गरी शिक्षित भएका छैनन् । सरकारले नेपालका इन्जिनियरिङ कलेजहरूलाई आवश्यक सहयोग गरी विद्युतीय मतदान उपकरण र अनलाइन मतदानको सफ्टवेयरको निर्माण गराउनु आवश्यक छ । विदेशीको भरमा विद्युतीय मतदान र अनलाइन मतदानतर्फ सरकार लाग्नु उपयुक्त होइन ।"

सचिव सुवालले भन्नुभयो, "वरिष्ठ पत्रकार प्रतीक प्रधानले केही दिनअगाडि एक सञ्चारमाध्यममा ४० वर्षयता काठमाडौं उपत्यकामा बनेका ९० प्रतिशत घरहरू भ्रष्टाचारबाट बनेको र आजका जेनजी भनिएकाहरू कतिपय तिनका छोराछोरी भएको संवेदनशील विषय राखेकोबारे सबै सचेत हुनु आवश्यक छ ।"

सरकारले देशको सन्तुलित विकास नगरेको हुँदा मुख्य मुख्य सहरमा बसोबास बढेकोले ती सहरका मानिसको फोक्सो रातो हुनुपर्नेमा कालो भएको विज्ञहरूले बताएको उहाँले उल्लेख गर्नुभयो ।

सचिव सुवालले नेमकिपाको घोषणापत्रअनुसार भक्तपुर नगरपालिकाले खेलाडी सम्मान, सांस्कृतिक परिचयसहितको घर निर्माणमा सहयोग, आवास योजना तथा कलेज र अस्पताल सञ्चालन गर्दै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जनताको इमानदारीपूर्वक सेवा गर्ने बाहेक जनप्रतिनिधिहरूको अरू कुनै छुट्टै स्वार्थ नभएको चर्चा गर्दै भक्तपुर नपाले जनताको आलोचना र सुझावहरूलाई आत्मसात गर्दै निरन्तर सेवामा समर्पित भएर काम गरिरहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, भौतिक पूर्वाधार निर्माणलगायत संविधान र कानुनले दिएको अधिकारभित्र रहेर विभिन्न विकास निर्माणका कार्यहरू गर्दै आएको उल्लेख गर्दै उहाँले भक्तपुर नपाले खेलाडी र सांस्कृतिक गुरूहरूको सम्मान कार्यक्रमलाई निरन्तरता दिँदै जाने बताउनुभयो ।

उहाँले भन्नुभयो, "स्थानीय तहको स्वायत्तताको लागि हामीले लामो समयदेखि आवाज उठाउँदै आएका छौँ । हरेक सरकारले स्थानीय तहलाई केन्द्रको मातहतको एउटा निकाय वा आदेश पालकको रूपमा व्यवहार गर्दै आएको छ ।"

वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजुले भक्तपुर नगरपालिकाले गर्दै आइरहेको उदाहरणीय कार्यमध्ये खेलाडी सम्मान कार्यक्रम पनि एक हो भन्दै विद्यालयहरूको खेलमैदान नै खेलाडीको पहिलो कभर्ड हो भन्नुभयो ।

उहाँले खेलाडीको विकासमा राज्य जिम्मेवार नभएसम्म खेलकुद क्षेत्रलाई अपेक्षित रूपमा अगाडि बढाउन नसकिने धारणा राख्दै देशका प्रतिभाशाली खेलाडीहरू देश छोडेर विदेशको प्रतिनिधित्व गरी खेल्नु खेलाडीको निम्ति राज्यले प्राथमिकता नदिनु हो भन्नुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नपाको मापदण्डअनुसार मौलिक शैलीमा भवन निर्माण गर्नेलाई अनुदानको व्यवस्था गर्दै आएजस्तै खेलकुद क्षेत्रलाई अझ अगाडि बढाउन उद्देश्यअनुसार खेल क्षेत्रमा लाग्नेहरूलाई सम्मान गर्दै आएको बताउनुभयो ।

भक्तपुर जिल्ला भलिबल सङ्घका अध्यक्ष विनोदचरण रायले वर्ष उत्कृष्ट खेलाडीहरू घोषणा गर्दै सबैमा बधाई ज्ञापन गर्नुभयो ।

कार्यक्रममा युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्रीले भक्तपुर नपाको खेलकुद समितिलाई सक्रिय बनाउँदै खेलाडीको मनोबल बढाउन यस किसिमका गतिविधि आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां र भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि सुवालले भक्तपुर नगरभित्र नगरपालिकाको मापदण्डअनुसार नियमित रूपमा भवन निर्माण गरी निर्माण सम्पन्न प्रमाणपत्र लिएका वडा नं. १ का सन्दिपकुमार जोन्छेलाई रु. १ लाख ४१ हजार, वडा नं. ३ का सर्जुमैंया अमात्य हाडा /शिवसुन्दर हाडालाई रू. १ लाख ९६ हजार, वडा नं. ५ का बुद्धलक्ष्मी मचामसीलाई रु. २ लाख ३१ हजार, वडा नं. ४ का प्रविनसिंह राठौर/सुधिरसिंह राठौर/पुरन्द राठौरलाई रु. २ लाख ९१ हजार, वडा नं. ३ का गिरीगोविन्द सिलाकारलाई रु. ३ लाख, वडा नं. ४ का इन्द्र सिंख्वाललाई रु. २ लाख ७७ हजार, वडा नं. ५ का सुनमाया खाइतुलाई रु. १ लाख ६८ हजार, वडा नं. ७ का गीतामैंया न्हिसुतु प्रधानलाई रु. २ लाख ४ हजार गरी जम्मा रु. २१ लाख ११ हजार १३४ रुपैयाँ बराबर मोहडातर्फ प्रयोग हुने काठ, इँटा र झिँगटी खरिदको लागि अनुदान स्वरूप प्रदान गरिएको थियो । उत्कृष्ट खेलाडीहरूलाई सम्मान पनि प्रमुख अतिथि सुवालले गर्नुभएको थियो ।

# अन्तर वडा फुटसल प्रतियोगिताको उद्घाटन कार्यक्रम सम्पन्न

भक्तपुर, ६ जेठ । भक्तपुर युवा टीमको आयोजनामा भएको भक्तपुर नगरपालिका अन्तर वडा फुटसल प्रतियोगिता २०८३ को उद्घाटन कार्यक्रम नेपाल मजदुर किसान पाटीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले एक समारोहबिच बुधबार गर्नुभयो ।

कार्यक्रममा अतिथि गोसाईंले फुटसल प्रतियोगिताको सफलताको कामना गर्दै




प्रतियोगिताले देशको लागि असल र सक्षम नागरिक तयार हुने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले विभिन्न साहित्यिक तथा सांस्कृतिक गतिविधिहरूमार्फत देशको लागि योग्य र सक्षम नागरिक तयार गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिका ७ नम्बर वडाका वडा अध्यक्ष एवं टीमका सल्लाहकार उकेश कवांले भक्तपुर युवा टीमले विगतमा फूटबल प्रतियोगिता गरेजस्तै यसपटक फुटसल प्रतियोगिता गरेर नयाँ खेलाडीहरू तयार गर्ने विश्वास व्यक्त गर्नुभयो ।

टीमका अर्का सल्लाहकार एवं संस्थापक अध्यक्ष विश्वराम कवांले टीमले विगतमा धेरै प्रतियोगिताहरू आयोजना गरी विभिन्न खेलका राष्ट्रिय-अन्तर्राष्ट्रिय खेलाडी तथा निर्णयकहरू तयार गरेको बताउनुभयो ।

टीमका अध्यक्ष केशव त्वानाबासुको सभापतित्वमा भएको उद्घाटन कार्यक्रममा टीमका सचिव रामेश्वर मचामसी र सदस्य सुरेश कवांले पनि बोल्नुभएको थियो ।

**पुराना...**

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले भक्तपुर आफ्नो कला, संस्कृति र सम्पदाका कारण विश्वभर परिचित नगर भएको बताउँदै उहाँले नयाँ पुस्तालाई हाम्रो इतिहास र सभ्यतालाई नजिकबाट अनुभूति गराउन यस्ता संरचनाहरूको संरक्षण अति आवश्यक भएको बताउनुभयो ।

भक्तपुरका जनप्रतिनिधिहरूले निःस्वार्थ रूपमा गरिरहेको जनताको सेवा गौरव गर्नलायक भएको बताउँदै भक्तपुर नपाले भक्तपुरको इतिहास जोगाउने व्यवस्थित काम गर्दै आएको बताउनुभयो । नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँले परिकल्पना गर्नुभएको 'सय वर्षपछिको भक्तपुर' ले साकार रूप लिँदै गइरहेको बताउँदै उहाँले सम्पदाबिनाको विकास र समृद्धि अर्थहीन भएको बताउनुभयो ।

उपप्रमुख रजनी जोशीले हाडा छेँ पुनःनिर्माण कार्यलाई सम्पन्न गर्न योगदान पुऱ्याउने सबै जनप्रतिनिधि, प्राविधिक टोली, जनसमुदाय तथा सहयोगी सबैमा हार्दिक धन्यवादज्ञापन गर्दै सम्पदाले भक्तपुरको सांस्कृतिक गरिमालाई अझ उँचो बनाउने काम भएको बताउनुभयो ।

दरबार हेरचाह तथा स्मारक संरक्षण कार्यालय भक्तपुरका पुरातत्त्व अधिकृत रज्जु हाडाले ऐतिहासिक र सांस्कृतिक महत्त्व बोकेका सम्पदाहरूको संरक्षण र संवर्द्धनमा पुरातत्व विभागले महत्त्वपूर्ण भूमिका खेल्दै आएको बताउँदै हाडा छेँमा रहेको भित्तेचित्रलाई जोगाउन आवश्यक भएको बताउनुभयो ।

हाडा छेँ पुनःनिर्माण उपभोक्ता समितिका अध्यक्ष कृष्णगोविन्द दुवालले हाडा छेँ पुनःनिर्माण कार्यसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नुभयो । उहाँले पुनःनिर्माण कार्यलाई सम्पन्न गर्न सबैको सक्रिय सहभागिता र सहकार्य महत्त्वपूर्ण भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले धन्यवादज्ञापन र वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवालले स्वागत मन्तव्य राख्नुभएको थियो ।

सोही क्रममा प्रमुख अतिथि बिजुक्छेँले हाडा छेँ पुनःनिर्माण गर्न योगदान गरेका उपभोक्ता समितिका पदाधिकारी, सिकर्मी र डकर्मीहरूलगायतलाई कदरपत्र वितरण गर्नुभयो । कार्यक्रममा प्रमुख अतिथि बिजुक्छेँले भक्तपुर नगरपालिकालाई हाडा छेँ प्रदान गरेको योगदानको कदरस्वरूप मदनकृष्ण हाडालाई मायाको चिनो प्रदान गर्नुभयो ।

भक्तपुर नगरपालिकाले २०५८ सालमा मदनकृष्ण हाडासँग हाडा छेँ खरिद गरी नगरको सम्पदाको रूपमा यसको संरक्षण गर्ने उद्देश्यले हाडा छेँको पुनःनिर्माण भएको हो । हाडाछेँ पुनर्निर्माण कार्यको लागि २ करोड ३५ लाख रुपैयाँको लागत इस्टिमेट गरिएकोमा १ करोड ७१ लाख रुपैयाँ खर्च भएको उपभोक्ता समितिले कार्यक्रममा जानकारी दियो ।


## हार्दिक समवेदना

जन्म
२००३/१२/०७



स्वर्गारोहण
२०८३/०२/०४

यस नमुना बचत समूहका अति मिलनसार साथी न्हुछेनारायण त्वायनाकी ममतामयी माता **राममाया त्वायना**को दुःखद निधन भएको आज **चौथो दिन** (लक्च) को पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नमुना बचत समूहका साथीहरू**

रामचन्द्र देशेमरू
कृष्णप्रसाद भुजु
कृष्णप्रसाद लाखे
तुल्सीनारायण त्वायना
बलराम सुवाल
रमेश वैद्य
राजन सुवाल
रामकृष्ण पाँटी
पृथ्वी सैंजु
केशव पक्का


**जाँचबुझ...**

हो, भोलि यसको पालो हो आगो लगाउने पनि भनेका थिए ।

भदौ २४ गते बिहान ६ बजेतिर संसद् भवनको १ नं. गेटतर्फ भेला हुँदै तत्कालीन सरकारको प्रधानमन्त्री र गृहमन्त्रीविरुद्ध नाराबाजी गरिरहेका थिए । अन्दाजी ८:३० बजेको समयमा हुनुपर्छ १ वटा ट्रकमा नेपाली सेनाको टोली आएर हवाई फायर गरेर त्यहाँ उपस्थित भीड त्यहाँबाट थापाथली, माइतिघर र तीनकुनेतर्फ भगाए । पौने घण्टा जति गेटको एरिया शान्त भएपश्चात् नेपाली सेनाको टोली फिर्ता भयो । फेरि अन्दाजी ९:३० बजेको सयममा प्रदर्शकारीहरू कोटेश्वर, शङ्खमूल, थापाथली र पुरानो बानेश्वरतर्फबाट जम्मा हुन थाले ।

हजारौँ सङ्ख्यामा भेला भएको भीडले ब्यारिकेड तोडेर संसद् भवनलाई चारैतिरबाट घेरे । प्रदर्शनकारीले ढुङ्गामुढा, गैटी, गुलेलीलगायतका घरेलु हातहतियारहरू, फलामको रडहरू, सिसाको बोटलसहित संसद् भवन र त्यहाँ रहेका सुरक्षाकर्मीमाथि आक्रमण गर्न थाले । अन्दाजी ११ बजेको समयमा प्रदर्शनकारीले संसद् भवन जलाउन खोज्ने र प्रहरीले अश्रुयाँस र गोली प्रहार गर्ने क्रम चलिरहँदा अन्दाजी ६–७ जना घाइते भएको मैले देखेँ । प्रदर्शनकारीहरूले प्रहरी हाम्रो भवनको छतमा लुकेको छ कि भनेर शङ्का गर्दै जबरजस्ती प्रवेश गरेर आठौँ तलामा गई हेर्ने र कोही नदेखेपछि हो–हल्ला गर्दै हाम्रो ४ वटा फायर एक्सटिन्गुइसर बिनाकारण आकाशतर्फ प्रहार गरी सके । अन्दाजी १ बजेको समयमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका प्रहरीहरूले हतियारमाथि राखेर हार मानेर बाहिर निस्केपछि प्रदर्शनकारीले संसद् भवन पूर्णरूपमा आगजनी गरेको देखेँ । त्यतिबेला नेपाली सेनाको उपस्थिति त्यहाँ थिएन । त्यसपछि बेलुकासम्म सामान चोर्ने, ओसार्ने, मोटरसाइकलसहित भित्र पस्ने गरिरहेको देखेँ । सोही समयमा प्रदर्शनकारीहरूले प्रहरीको पोशाक लगाएर प्रहरीको बन्दुक बोकेर हिँडिरहेका थिए । अन्दाजी १७:४५ बजेको समयमा १०० औं सङ्ख्यामा प्रदर्शनकारीहरू आएर हामीलाई हजुरहरू जानुस हामी आफ्नो काम गर्छौं भन्दै यो प्रचण्डेको जलाउनुपर्छ भन्दै आगजनी गरे ।

**प्रत्यक्षदर्शी महेशकुमार श्रेष्ठ**

म २० वर्षदेखि नयाँ बानेश्वरमा सञ्चालन गरी जापानिज भाषाको प्रशिक्षण दिई आएको छु । मेरो कार्यालय संसद् भवनको पश्चिम–दक्षिण कुनाको नयाँ बानेश्वर चोकको शङ्खमूल र बबरमहलतर्फ जाने बाटोको उत्तर पूर्व मोहडा भएको घरमा छ । भदौ २३ गते बिहान ११ बजे चोकमा मानिसहरू भीड बाक्लो हुँदै एभरेस्ट होटल अगाडिको ब्यारिकेड तोडेर प्रदर्शनकारीहरू चोकमा जम्मा हुँदै गए । प्रदर्शनकारीहरू संसद् भवनको पर्खाल भत्काउँदै थिए । संसद् भवनको १ नं. गेट नाघेर भित्र प्रवेश गर्दै थिए । अन्दाजी १४:१८ बजेको समयमा मेरो कार्यकक्षको पूर्वपट्टिको झ्यालको सिसामा एक्कासि गोली पडकेको आवाज आइए सिसाहरूसमेत झरी हामी सबै जना सो कोठाबाट बाहिर निस्की भागे । अर्को कोठामा गई १० मिनेटपछि म आफ्नो कार्यकक्षमा गई सो गोली पूर्वपट्टीको सिसाको झ्याल फुटाई सोही कोठाको दक्षिणतर्फ फर्केको काठमा खण्ड बनाई सिसा लगाइएको कार्यालयको ऱ्याक (दराज) को सिसासमेत फुटी सो ऱ्याक (दराज) मा राखेको इन्डेक्स फाइलमा प्वाल पारी सोही कोठाको पश्चिमतर्फ रहेको सिमेन्टेड बोर्डको भित्ताभित्र छिर्न गएको हो । मैले एक जना सशस्त्र प्रहरीका डीएसपीलाई फोन गर्दा अहिले निस्किने अवस्था छैन; तपाईहरू जुन ठाउँमा हुनुहुन्छ सुरक्षित भएर बस्नु भनी भनेकाले हामीहरू पछाडिको कौसीमा बसी लुकीछिपी सोही दिन अन्दाजी १८:३० बजे हामी सबै निस्की घरको कोठा गएका हौं ।

**प्रत्यक्षदर्शी शिवराम बाँडा**

भदौ २४ गते म होटलमै बसिरहेको अवस्थामा केही प्रहरी ज्यान जोगाउनको लागि भाग्दै मेरो होटलको छतबाट भित्र प्रवेश गरेका थिए । प्रहरीहरूलाई आन्दोलनकारीहरूले लखेट्दै इँट्टा, लाठी, धारिलो हतियारसमेतले प्रहार गरी कुटपिट गरेको हुँदा निजहरूलाई बाहिर जाँदा ज्यानको खतरा हुन सक्ने भएकोले मैले होटलको विभिन्न कोठामा लुकाई बाहिरबाट चाबी लगाई सुरक्षित गरेको हुँ । त्यसपछि केही आन्दोलनकारीहरू होटलको गेटबाट भित्र प्रवेश गरी प्रहरी कहाँ गयो भन्दै आएका थिए । निजहरूलाई मैले मेरो होटलमा विदेशी गेस्टहरू आएका छन् यहाँ कोही प्रहरीहरू छैनन् । तपाईंहरू भित्र प्रवेश नगर्नुहोस् भनी सम्झाई बुझाई पठाएको हुँ । प्रहरीहरूलाई मैले आफ्नो कपडा र जुत्ता चप्पलसमेत दिएर खाना खुवाएर पठाएको हुँ । केही प्रहरी सोही राति अन्दाजी १० बजेको समयमा गए भने केही भोलिपल्ट बिहान गए । प्रहरीलाई खोज्दै मेरो होटलमा आउने मानिसहरू मेरो सीसीटिभी फुटाउने, सोलार र सिसा फुटाउने मानिसहरू म चिन्दिन ।

**प्रत्यक्षदर्शी लक्ष्मण श्रेष्ठ**

भदौ २३ गते करीब १२ बजेसम्म स्थिति सामान्य थियो । करिब दिनको १३ बजेतिर पुरानो बानेश्वरतर्फबाट स्कूल कलेजको ड्रेसमै विद्यार्थीको भीड नारा लगाउँदै संसद् भवनतर्फ अगाडि बढेको थियो । भीड अराजक थियो र जथाभावी ढुङ्गामुढा गर्दै थिए । मेरो पसल अगाडि एउटा एम्बुलेन्सलाई तोडफोड गरियो । भीड १ नं. गेटमा पुगेपछि आगजनीसमेत गरेछन् । दिनभरि संसद् भवनको वरिपरि तनावपूर्ण अवस्था बन्यो । सडकमा आवतजावत गर्ने अवस्थासमेत थिएन ।


## श्री पदम माध्यमिक विद्यालय

दरवारक्षेत्र, भक्तपुर
०१-६६१०३२६ / ०१-६६१२०९९

## शिक्षक आवश्यकताको सूचना

**(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८३/०२/०७)**

यस विद्यालयको तपसिलका स्वीकृत दरबन्दीमा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरूबाट दर्खास्त आह्वान गरीन्छ ।

| क्र.स | पद | विषय | सङ्ख्या | न्यूनतम शैक्षिक योग्यता | प्रथम पटक सूचना प्रकाशित मिति |
|---|---|---|---|---|---|
| १. | प्रा.वि.तृतीय | | १ | कक्षा १२ वा सो सरह उत्तीर्ण | २०८३ जेठ ७ गते, बिहीबार |
| २. | नि.मा.वि.तृतीय | सामाजिक | १ | सम्बन्धित विषयमा कक्षा १२ वा सो सरह उत्तीर्ण | २०८२ मङ्सिर २१ गते, आइतबार |
| ३. | नि.मा.वि.तृतीय | गणित | १ | सम्बन्धित विषयमा कक्षा १२ वा सो सरह उत्तीर्ण | २०८२ मङ्सिर २१ गते, आइतबार |

**दर्खास्त दिने अवधि :** प्रा.वि.तृतीय शिक्षकको हकमा शिक्षक सेवा आयोगको करारसूचीमा रहेका उम्मेदवारको लागि ७ दिन तथा करारसूचीमा रहेका उम्मेदवारको दर्खास्त नपरेमा त्यसपश्चात् खुलाको लागि थप ८ दिन र नि.मा.वि. सामाजिक र गणित विषय शिक्षकको हकमा खुलाको लागि ७ दिन
**उमेर :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**आवश्यक प्रमाणित कागजातहरू :** नेपाली नागरिकता, शैक्षिक योग्यता, अनुभवका पत्रहरू, शिक्षण अनुमतिपत्रको प्रतिलिपि र Bio Data संलग्न गरी हस्तलिखित निवेदन
**परीक्षाको किसिम :** लिखित, अन्तर्वार्ता
**आवेदन दस्तुर :** प्रा.वि.तृतीयको रू.१२००।- (बाह्र सय मात्र) र नि.मा.वि.तृतीयको रू.१५००।- (पन्ध्र सय मात्र) यस विद्यालयको नेपाल बैङ्क लि.भक्तपुर शाखाको खाता च.हि.नं ०१९००१०००३१७११००००१ मा जम्मा गरी आवेदनसाथ सक्कल भौचर संलग्न गर्नुपर्नेछ ।
**तलबमान :** नेपाल सरकारले तोकेबमोजिम
**प्राथमिकता :** कम्तीमा सम्बन्धित विषयमा ३ वर्ष अध्यापन अनुभव तथा कम्प्युटरसम्बन्धी ज्ञान भएको
**सम्पर्क मिति :** म्याद समाप्त भएको मितिको भोलिपल्ट
***पुनश्च :*** *म्याद नाघेको र रित नपुगेको दर्खास्तउपर कुनै कारबाही हुनेछैन । थप जानकारीको लागि विद्यालय प्रशासनमा सम्पर्क राख्नुहोला ।*

**शिक्षक छनौट समिति**

# नेवारी परिकार बनाउने तालिम सम्पन्न
## मौलिक खानाको व्यावसायीकरणमा जोड



भक्तपुर, ६ जेठ। उद्योग तथा वाणिज्य कार्यालय भक्तपुरको आर्थिक वर्ष २०८२/०८३ को विनियोजित बजेटअन्तर्गत आयोजित १० दिने नेवारी परिकार बनाउने तालिम बुधबार सम्पन्न भएको छ।

उद्योग तथा वाणिज्य कार्यालयको आयोजना तथा भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको समन्वयमा भएको उक्त तालिमको समापन समारोहमा उद्योग तथा वाणिज्य कार्यालयका प्रमुख रामप्रसाद कुस्माले आधुनिक तथा आयातीत खाना र खाजाका कारण हाम्रा मौलिक एवं स्वास्थ्यवर्द्धक खानेकुराहरू लोप हुन लागेकोले स्थितिलाई मध्यनजर गर्दै तालिम सञ्चालन गरिएको बताउनुभयो।

उहाँले भन्नुभयो, "तालिम लिने प्रशिक्षार्थीहरू सीपमा मात्र सीमित नभई व्यावसायिक बनून् भन्ने अपेक्षासहित यो तालिम सञ्चालन गरिएको हो। नयाँ व्यवसाय दर्ता गर्न कुनै पनि किसिमको असहजता भएमा कार्यालयले आवश्यक सहजीकरण गरिदिनेछ।"

नेपाल घरेलु तथा साना उद्योग महासङ्घका केन्द्रीय सदस्य वीरेन्द्र जतिले तालिमबाट प्राप्त सीपलाई आर्थिक उपार्जनसँग जोड्न सके व्यक्ति, समाज र समग्र देशकै कुल गार्हस्थ उत्पादनमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो।

सङ्घका निवर्तमान अध्यक्ष प्रेम खर्बुजाले रैथाने नेवारी परिकारलाई समय सुहाउँदो ढङ्गले 'फ्युजन' (आधुनिक स्वाद र शैलीको मिश्रण) गरी ग्राहकलाई सेवा दिन सके नेवारी परिकारको धेरैबिच लोकप्रिय हुने धारणा राख्नुभयो।

तालिमका मुख्य प्रशिक्षक सुनिल सुवालले परिकारको स्वादसँगै यसको गुणस्तरलाई कसरी उच्च र कायम राख्न सकिन्छ भन्ने प्राविधिक पक्षबारे प्रकाश पार्नुभएको थियो।

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष श्यामसुन्दर श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा महिला उद्यमी समितिकी सभापति कमलश्वरी खर्बुजा तथा सङ्घकी सहसचिव सुमित्रा श्रेष्ठले महिला उद्यमीहरूको उत्थान र प्रवर्द्धनका लागि सङ्घले पुऱ्याउँदै आएको योगदान र आगामी योजनाहरूबारे चर्चा गर्नुभएको थियो।

# हुम्लाको नेप्का गाउँमा पहिराले विद्यालय भवन बगायो

अदानचुली (हुम्ला), ६ जेठ। हुम्लाको चङ्खेली गाउँपालिका-५ नेप्का गाउँमा गए राति खसेको पहिरोले चङ्खेली-५ डाँफेस्थित आधारभूत विद्यालय भवनमा क्षति पुऱ्याएको छ। एक्कासी असिनापानी परेपछि खसेको पहिराले विद्यालय भवनसहित खेतीयोग्य जग्गा र गोठ पनि क्षति पुऱ्याएको चङ्खेली-५ का बासिन्दा छक्कबहादुर तामाङले जानकारी दिनुभयो।

चङ्खेली-५ वडाध्यक्ष हर्कधन तामाङ र धनसिंह तामाङका गोठ पनि पहिरोले पुरेको छ। त्यहाँ रहेका भैँडाबाख्रामा क्षति पुगेको छ। पहिरोले गोठ पुरिए पनि के कति क्षति भयो भन्ने एकिन विवरण प्राप्त नभएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक शङ्कर खड्काले जानकारी दिनुभयो। उहाँले प्रहरी टोली पहिरो प्रभावित स्थलतिर प्रस्थान गरिसकेको बताउनुभयो। हुम्ला सदरमुकाम सिमकोटदेखि उत्तरपूर्वमा रहेको चङ्खेली गाउँपालिकाको तल्लो पाली, माथिल्लो पाली, पिप्लाङ र नेप्का गरी चार गाउँ रहेका छन्। गाउँपालिकाको केन्द्र पिप्लाङभन्दा निकै टाढा रहेको नेप्का गाउँ पुग्न करिब पाँच घण्टा पैदल यात्रा गर्नुपर्छ। ***रासस***

## हार्दिक समवेदना



जन्म
२०२९/०२/१५

स्वर्गारोहण
२०८३/०१/३०

भक्तपुर नगरपालिका पर्यटक सूचना तथा सेवा केन्द्रमा कार्यरत कर्मचारी श्रीकृष्ण श्रेष्ठकी धर्मपत्नी **निर्मला श्रेष्ठ**को दुःखद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

**पर्यटक सूचना तथा सेवा केन्द्र परिवार**
भक्तपुर नगरपालिका, भक्तपुर



**निर्माणाधीन मनाङ मर्स्याङ्दी जलविद्युत् आयोजनाको बाँध**

मनाङको चामे गाउँपालिका-३ मा निर्माण भइरहेको मनाङ मर्स्याङ्दी जलविद्युत आयोजनाको बाँध। सो आयोजना सम्पन्न भएपछि १३५ मेगावाट विद्युत् उत्पादन हुनेछ। *तस्बिरः नवीन लामिछाने/रासस*

# दैलेखको ग्यास उत्खनन अन्योलमा
## दबाब बढाउँदै स्थानीय तह

दैलेख, ६ जेठ। यहाँको भैरवी गाउँपालिका-१ स्थित जलजले क्षेत्रमा जमिनमुनि ठुलो परिमाणमा प्राकृतिक ग्यास रहेको पुष्टि भइसकेको छ। तर, दोस्रो चरणको मुख्य काम अगाडि बढ्न नसक्दा यो महत्त्वपूर्ण परियोजना अहिले अन्योलमा परेको छ। प्रारम्भिक अध्ययनले नेपाललाई वर्षौँसम्म पुग्ने ग्यासको सम्भावना देखाएपछि एक समय राष्ट्रिय चर्चामा रहेको यो आयोजना अहिले ठोस कार्यतालिका अभावमा सुस्ताएको हो।

यसैबिच, दैलेख र कालिकोट जिल्लाका स्थानीय तहका जनप्रतिनिधि, जिल्ला प्रशासन तथा सुरक्षा निकायका प्रमुखहरूको जेठ ३ गते महाबुलेकमा बसेको ऐतिहासिक संयुक्त बैठकले समेत यो मुद्दालाई जोडदार रूपमा उठाएको छ। बैठकले जलजलेको पेट्रोलियम पदार्थको वास्तविक क्षमता एकिन गरी उत्खनन कार्यलाई द्रुतगतिमा अघि बढाउन सरकारसँग माग गर्ने निर्णय पारित गरेको छ।

चीन सरकारको करिब रु. दुई अर्ब १७ करोड अनुदान सहयोगमा 'चाइना जिओलोजिकल सर्भे'ले सन् २०१९ देखि यहाँ अध्ययन गरिरहेको छ। चिनियाँ प्राविधिक टोलीले नेपाल सरकारलाई बुझाएको प्रतिवेदनअनुसार जलजले क्षेत्रको जमिनमुनि करिब ८० अर्ब ७० करोड घनमिटर प्राकृतिक ग्यासको भण्डार छ। यो परिमाण नेपाललाई ५० देखि ६० वर्षसम्मका लागि पुग्ने अनुमान गरिएको छ। खानी तथा भूगर्भ विभागको समन्वयमा सो क्षेत्रमा नेपालकै सबैभन्दा गहिराइ चार हजार १३ मिटरसम्म ड्रिलिङकार्य सफलतापूर्वक सम्पन्न भइसकेको छ।

परियोजनाका सूचना अधिकारी प्रकाश लुइँटेलका अनुसार पहिलो चरणको प्राविधिक प्रतिवेदन चिनियाँ पक्षले बुझाइसकेको छ। तर, अबको मुख्य काम भनेको ग्यासको उत्पादकत्व र व्यावसायिक भण्डारणको अन्तिम परीक्षण गर्ने हो। यो दुई देशको सरकार (जीटुजी) तहको परियोजना भएकाले आगामी प्रक्रियाका लागि चिनियाँ पक्षलाई अनुरोधपत्र पठाइए पनि उताबाट आधिकारिक जवाफ र स्पष्ट कार्यतालिका आउन बाँकी हुँदा काममा ढिलाइ भएको उहाँले बताउनुभयो।

यदि दैलेखबाट ग्यास उत्खनन सुरु गर्न सकिएमा यो अर्बौं रूपैयाँ स्वदेशमै रोकिनेछ। उत्पादित मिथेन ग्यासलाई गाडीमा सिएनजीका रूपमा, उद्योगहरूमा इन्धनका रूपमा र घरघरमा भान्छाको ग्यासको विकल्पका रूपमा सजिलै प्रयोग गर्न सकिन्छ। यसले अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्य बढ्दा वा नाकाबन्दी हुँदा पनि देशको ऊर्जा सुरक्षालाई बलियो बनाउने विज्ञहरूको भनाइ छ।

दुल्लु पञ्चकोशी क्षेत्र विकास संस्थाका अध्यक्ष नवीन योगीले यो परियोजना दैलेखको मात्र नभई समग्र नेपालकै आर्थिक रूपान्तरणको महायज्ञ भएको बताउनुभयो। उहाँले सरकारले यसलाई आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा 'शीर्ष राष्ट्रिय प्राथमिकता' मा राखेर द्रूतमार्गबाट अघि बढाउनुपर्ने जोड दिनुभयो। अध्यक्ष योगीले उत्खनन गर्दा दैलेखका स्थानीयवासीको रोजगारी र अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनुपर्ने तथा ऐतिहासिक एवं धार्मिक महत्त्वको पञ्चकोशी ज्वाला क्षेत्र (शिरस्थान, नाभिस्थान र पादुकास्थान) को संरक्षण गरिनुपर्ने मागसमेत गर्नुभयो।

समुद्र सतहदेखि चार हजार १६८ मिटरको उचाइमा अवस्थित महाबुलेकमा भएको उक्त बैठकले पेट्रोलियम पदार्थको उत्खननका साथै छ बुँदे ऐतिहासिक साझा प्रतिबद्धता पारित गरेको छ।

बैठकले नेपाल, भारत र चीनलाई छोटो दूरीमा जोड्ने रणनीतिक महत्त्वको त्रिदेशीय 'महाबु सडकखण्ड' को बाँकी रहेको ट्र्याक (मार्ग) खोल्न र स्तरोन्नतिका लागि सङ्घीय तथा प्रदेश सरकारसँग पर्याप्त बजेट माग गर्ने निर्णय गरेको छ। बैठकमा कर्णाली प्रदेशसभाकी उपसभामुख यशोदा न्यौपाने, नारायण नगरपालिकाका प्रमुख लोमन शर्मा, महाबु गाउँपालिकाका अध्यक्ष जङ्गबहादुर शाही, नौमूले गाउँपालिकाका अध्यक्ष छविराम सुवेदी, कालिकोट जिल्लाबाट महावै गाउँपालिकाका अध्यक्ष खेमराज सिहंलगायतले महाबु सडक कर्णालीको समृद्धिको 'लाइफ लाइन' भएको र यसले भारतको जमुनाहदेखि चीनको नाक्चेनाग्लासम्मको दूरी छोट्याउने उल्लेख गर्नुभयो। बैठकले धार्मिक क्षेत्र महावै धामको व्यवस्थित विकास, वैकल्पिक सडक निर्माण, सीमा सुरक्षा र महाबु क्षेत्रलाई पर्यावरणीय हबका रूपमा विकास गर्ने प्रस्तावसमेत पारित गरेको छ।

सडक कच्ची र जीर्ण भएका कारण दैलेख सदरमुकामदेखि महाबु आवतजावत गर्नमात्रै १६ घण्टा लाग्ने विकटता छ। यातायात र सञ्चारको चरम असुविधा हुँदाहुँदै पनि ऐतिहासिक बैठक सम्पन्न भएको छ। ***रासस***

# छयासी वटा एम्बुलेन्स अद्यावधिक

चितवन, ६ जेठ। जिल्लामा रहेका एम्बुलेन्सहरूमध्ये ८६ वटाले मात्रै अद्यावधिक गरेका छन्। जनस्वास्थ्य कार्यालय चितवनले गत वैशाख २६ गते सूचना जारी गर्दै सात दिनभित्र अद्यावधिक गर्न निर्देशन दिएको थियो। अद्यावधिक भएकामध्ये दुईवटा शववाहन रहेका छन्।

कार्यालयले सूचना जारी गरेपछि ती एम्बुलेन्स अध्यावधिक भएको कार्यालयका प्रमुख निर्मल घिमिरेले जानकारी दिनुभयो। उहाँका अनुसार जिल्लामा ९३ वटा एम्बुलेन्स दर्ता रहेका छन्। ती सबैलाई अध्यावधिक गर्न आग्रह गरिएको थियो। अध्यावधिक भएका एम्बुलेन्सहरू ख र ग वर्गका हुन्। जिल्लामा अहिले क वर्गका एम्बुलेन्सहरू नरहेको उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो "अहिले अध्यावधिक गर्न आएका एम्बुलेन्स मध्ये ख र ग वर्गका रहेका छन्।" ख वर्गका १२ वटा र ग वर्गका ७४ वटा रहेका छन्।

क वर्गका एम्बुलेन्समा भेन्टीलेटरसहित मेडिकल अधिकृत, एचए वा स्टाफनर्स सहितको सुविधा हुनुपर्ने हुन्छ। ख वर्गका एम्बुलेन्समा एचए वा स्टाफनर्स सहितको सुविधा हुनुपर्ने हुन्छ। ग वर्गका एम्बुलेन्सले अक्सिजनसहित बिरामी ओसार्ने काम मात्रै गर्छन्। अध्यावधिक गर्न आएका एम्बुलेन्समध्ये स्वास्थ्य संस्थाका १७ वटा, नेपाल रेडक्रस सोसाईटीका १७ वटा र प्रतिष्ठान, ट्रष्ट लगायतका ५२ वटा रहेका छन्। घिमिरेका अनुसार अध्यावधिक गर्न आएकामध्ये २९ वटा दस वर्ष पूरा गरिसकेका रहेका छन्। दस वर्ष पूरा भएका एम्बुलेन्सहरू एम्बुलेन्स सञ्चालन निर्देशिका २०८२ बमोजिम नविकरण गर्न नमिल्ने उहाँले बताउनुभयो।

जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिको निर्णयअनुसार ती एम्बुलेन्स अद्यावधिक गरिएको हो। यहाँ अद्यावधिक गर्न आएका एम्बुलेन्समध्ये जिपिएस जडान भएर प्रयोग नभएका ४२ वटा रहेका छन् भने जडान नभएका ४४ वटा रहेको उहाँले बताउनुभयो। समितिले सबै एम्बुलेन्समा जिपिएस जडान गरी सञ्चालन गर्न निर्देशन गरेको छ।

जिल्लाका सात पालिकामामध्ये भरतपुर महानगरपालिकामा ४३, खैरहनी नगरपालिकामा १६, कालिका नगरपालिकामा १०, राप्ती नगरपालिकामा छवटा, रत्ननगर नगरपालिका र इच्छाकामना गाउँपालिकामा तीन-तीनवटा एम्बुलेन्स रहेका छन्। यस्तै माडी नगरपालिकामा दुईवटा एम्बुलेन्स रहेका छन्। अन्य जिल्लामा दर्ता भएर भरतपुर महानगरपालिकामा सञ्चालित तीनवटा एम्बुलेन्स रहेको उहाँले जानकारी दिनुभयो।

अद्यावधिक नभएका एम्बुलेन्सलाई अद्यावधिक गरेरमात्र सञ्चालन गर्नका लागि स्थानीय प्रशासनलाई आग्रह गरिने उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार अद्यावधिक नभएकालाई स्थानीय प्रशासनमार्फत कारबाही प्रक्रिया अघि बढाइने छ। ***रासस***

# अवैध लागूऔषधसहित १७ जना पक्राउ

काठमाडौँ, ७ जेठ। नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट लागुऔषधसहित १७ जनालाई पक्राउ गरेको छ।

केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार झापाबाट चार, सिरहा र कैलालीबाट तीन/तीन, मकवानपुर र ललितपुरबाट दुई/दुई तथा उदयपुर, कपिलवस्तु र पर्साबाट एक/एक जना पक्राउ परेका छन्।

लागुऔषध ब्युरोको टोलीले उनीहरूका साथबाट लागुऔषध खैरो हेरोइन र गाँजा तथा चिकित्सको सिफारिसमा मात्रै खरिद गर्न पाइने ट्रामाडोल र स्पास्मो बरामद गरेको हो। ***रासस***

। सम्पादकीय ।

# रुसी राष्ट्रपतिको पुटिनको विश्व महत्त्वको चीन भ्रमण

विश्वको भू-राजनीतिक परिदृश्यलाई नयाँ स्वरूप दिने एक महत्त्वपूर्ण कदमको रूपमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिन एक वर्षभन्दा कम समयको अन्तरालमा चिनियाँ नेता सी चिनफिङसँग दोस्रो भेटवार्ताका लागि चीन भ्रमण गरिरहनुभएको छ । उहाँ मे १९ को साँझ पेइचिङ पुग्नुभएको छ । अन्तर्राष्ट्रिय विमानस्थलमा उहाँलाई निकै न्यानो र भव्य स्वागत गरिएको छ, चिनियाँ विदेशमन्त्री वाङ यीसहितको टोलीले औपचारिक स्वागत गर्नुभएको छ । यो उच्चस्तरीय भ्रमण रुस र चीनका लागि मात्र नभई विश्वकै लागि अत्यन्तै महत्वपूर्ण छ । प्रवक्ता दिमित्री पेस्कोभका अनुसार यस कूटनीतिक भ्रमणबाट रुसले निकै उच्च अपेक्षा राखेको छ । दुई नेताबिचको शिखर सम्मेलनका मुख्य आकर्षण 'बहुध्रुवीय विश्व' को स्थापना र 'नयाँ प्रकारको अन्तर्राष्ट्रिय सम्बन्ध' सम्बन्धी ऐतिहासिक घोषणापत्र जारी गर्नुहुनेछ, जसले परम्परागत विश्वशक्ति संरचनाका विरुद्ध एकताबद्ध मोर्चाको सङ्केत गर्नेछ ।

दुई विशाल छिमेकी देशबिचको यस रणनीतिक साझेदारीको प्रगाढता भ्रमणको क्रममा हस्ताक्षर गरिने करिब ४० वटा द्विपक्षीय सम्झौताबाट स्पष्ट हुन्छ । छलफलको प्रमुख केन्द्रविन्दु 'पावर अफ साइबेरिया २' (Power of Siberia 2) आयोजना रहनेछ, जसमा दुवै नेताहरूले ऊर्जा पूर्वाधार पहलको विस्तृत समीक्षा गर्ने लक्ष्य राखेका छन् । रुसी र चिनियाँ व्यापार अब लगभग पूर्ण रूपमा रुबल र युआनमा रूपान्तरण भइसकेको तथ्यले यो आर्थिक सहयोगलाई थप बल पुऱ्याएको छ । पश्चिमी मुद्राहरूबाट टाढा रहेर, दुवै राष्ट्रले यस्तो व्यापारिक वातावरण सिर्जना गरेका छन्, जसलाई उनीहरूले तेस्रो देशहरूको प्रभाव र विश्वव्यापी वित्तीय बजारको अस्थिरताबाट सुरक्षित रहेको दाबी गर्छन् ।

यस भ्रमणको लागि राष्ट्रपति पुटिनले चिनियाँ जनतासम्म पुग्न आधुनिक शैली अपनाउनुभएको छ । स्थानीय छापा माध्यममा परम्परागततरूपमा लेख प्रकाशित गर्नुको सट्टा, उहाँले आफ्नो सहकार्यको सन्देश प्रवाह गर्न चिनियाँ नागरिकहरूका लागि एक व्यक्तिगत भिडियो सन्देश रेकर्ड गर्नुभएको छ । सो सन्देशमा पुटिनले मस्को र पेइचिङ कुनै पनि अन्य देशको विरुद्धमा उभिन नभई शान्ति र विश्वव्यापी समृद्धिका लागि मिलेर काम गर्न चाहेको बताउनुभएको छ । त्यस्तै उहाँका अनुसार -यही भावनाका साथ मस्को र पेइचिङले अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्र सङ्घको बडापत्रका सिद्धान्तहरूलाई पूर्णरूपमा रक्षा गर्नका लागि प्रयासहरू समन्वय गरिरहेका छन् ।

रुसी राष्ट्रपति पुटिनलाई विदेशमन्त्री सर्गेई लाभरोभ, उपप्रधानमन्त्री अलेक्ज्याण्डर नोभाक र अर्थमन्त्री एन्टोन सिलुआनोभलगायतका उच्च अधिकारी र व्यवसायीहरूको ठूलो प्रतिनिधिमण्डलले साथ दिइरहेको छ, जसले यस वार्ताको व्यापकतालाई झल्काउँछ । पेइचिङमा राष्ट्रपति पुटिनको कूटनीतिक व्यस्तता बढ्दो छ, राजकीय भ्रमणको समापन पत्रकार सम्मेलनको समय कार्यतालिका टुङ्गो लाग्न बाँकी नै छ तर पुटिनको भ्रमणले एकध्रुवीय विश्व रहेको मान्यता भत्किने र बहुध्रुवीय विश्वको अवधारणा मजबुत हुने अनुमान विश्वभर गरिएको छ ।


# कवि हरिबहादुर श्रेष्ठ र उहाँका कविताहरू

✍ विश्वमोहन जोशी

सोच, व्यवहार, क्रियाकलाप, भनाइ तथा घटना कुनै पनि जब एक भावुक सचेत संवेदनशील व्यक्तिको अन्तस्करणमा ठोकिन पुग्दछ त्यतिखेर उनीबाट केही भावना अनुभूतिहरू प्रतिध्वनित हुने गर्दछ । जसबाट विभिन्न कला तथा साहित्यिक कृतिहरूको सृजना हुने गर्दछ । आ-आफ्ना चित्रद्वारा चित्रकारले, मूर्तिहरूद्वारा मूर्तिकारले ती भावना र अनुभूतिहरू प्रतिबिम्बित गराइरहेका हुन्छन् भने साहित्यकारहरूले आफ्ना साहित्यिक रचनाहरूमा व्यक्त गरिरहेको हुन्छन् । त्यस्ता व्यक्ति प्राज्ञिक नै हुनुपर्दछ भने पक्कै होइन । भारीले थिचिएका एक भरियाको प्रत्येक सुस्केराबाट पनि आफ्नो दुःख भोगाइ एवम् विचारका स्वरहरू अभिव्यक्त भइरहेका हुन्छ । बस हेर्ने, सुन्ने र बुझ्ने इच्छाशक्ति चाहिन्छ । भनिन्छ, कसैको पनि मनोभावना, चिन्तन, विचार, अनुभव, कल्पना तथा जीवनका कुनै पनि क्रियाकलापलाई कलात्मक शैली र भाषामा व्यक्त गरिरहेको पाइन्छ साहित्यकारहरूको साहित्यिक कृतिहरूमा । अब सवाल उठ्दछ कि ती साहित्यिक कृतिहरूले कुन वर्गको हित गरिरहेको छ ? कसको सेवा गरिरहेछ ? के ती साहित्यहरू बौद्धिक विलासिताका लागि मात्रै हो ? देशभक्ति, देशको स्वाभिमान, स्वतन्त्रता र गरिमा उच्च पार्ने मात्र होइन निमुखाहरूको पीडा तथा आवाजविहीनहरूको स्वरको रूपको साथै त्यहाँ उन्मुक्तिका प्रतिबिम्बहरू रहेका साहित्यिक कृतिहरू निर्माण हुनुपर्दछ । कुनै पनि खाले शोषण, अत्याचारको प्रतिकार र त्यसबाट मुक्ति पाउने शक्तिको निर्माणमा त्यो साहित्यले अगुवाइ गरेको हुनुपर्दछ । हो, त्यस्तै खालका साहित्यहरू सृजना गर्नमा सफल, सरल जीवन र उच्च विचारका संवाहक साहित्यकार हुनुहुन्छ - हरिबहादुर श्रेष्ठ ।

उनै साहित्यकार हरिबहादुर श्रेष्ठद्वारा रचित वि.सं. २०८२ को माघ महिनामा 'मजदुर' दैनिकबाट प्रकाशित 'ए, मेरा रातहरू !' नामक कवितासङ्ग्रह सर्वसाधारणको लागि प्रकाशित भयो । उक्त कवितासङ्ग्रह यस पङ्क्तिका पङ्क्तिकारले पनि अध्ययन गर्ने अवसर पाएँ । उक्त कवितासङ्ग्रहमा रहेका सबै कविताहरू एकसेएक मर्मस्पर्शी छन् । सुरुकै कविता 'साथीहरूलाई पर्खदा पर्खँदै' अध्ययन गरेँ, आफू भावुक एवम् भावविह्वल भएको अनुभूति पनि गर्दै गएँ ।

जीवन पक्कै पनि अघि बढ्नको लागि हो । केको लागि र कसरी अघि बढ्ने ? यो महत्त्वपूर्ण प्रश्न हो । केवल आफू मात्र अघिल्लो बन्नको लागि हो भने समाजमा त्यसको कुनै महत्त्व हुँदैन । पुस्तौँदेखि आफ्नो रगत पसिना खेतमा बगाउँदै आएर पनि त्यसमा हक नपाएका, अरुको पेट भर्दा भर्दै आफू सधैँ भोकाएकाहरूको दुःखलाई निमिट्यान्न पार्न उनीहरूसँगै अघि बढ्नु नै बुद्धिमानी हुनेछ; त्यसको सदाकाल महत्त्व रहन्छ । सयौँ वर्ष कलकारखानाहरूमा श्रम गर्दा पनि राम्ररी खान, सुत्न, बस्न नपाएकाहरू, एकक्षण सुस्ताउन नपाएकाहरूको सन्तुष्टि र मुस्कानका लागि अघि बढ्नु नै मानवोचित कर्तव्य हो, पहिचान हो । यस्तो स्थितिमा कुन बाटो रोज्ने हो आफूमा भर पर्दछ । समाजभन्दा महत्त्वपूर्ण व्यक्ति वा परिवार अवश्य पनि होइन । समाजमा उज्यालो रहे हरेक व्यक्ति तथा परिवार स्वतः उज्यालो हुन्छ । विपन्नवर्गको उन्मुक्तिको लागि अघि बढ्दा कवि श्रेष्ठलाई साथ दिने कतिपय साथीहरूले उहाँलाई एक्लै छाडे बिच बाटोमा । तर, उहाँ विचलित हुनुभएन । केही साथीहरूले उहाँको विचारलाई उग्रविचार भनिरहँदा उहाँ अल्मलिनु भएन, निरन्तर अघि बढिरहे र शोषितपीडित निमुखा गरिब जनताको मुक्तिका लागि अनवरत रूपमा लागिरहे । सत्य र स्वतन्त्रता प्राप्तिको लागि सुरुमा एक्लै भएर के भो र ? जनताले वास्तविकता बुझ्दै गएपछि साथ पक्का दिनेछ भन्नेमा उहाँलाई पूर्ण विश्वास थियो । राति




आकाशमा चन्द्रमा पनि एक्लै त हो नि ! त्यही चन्द्रमाबाट उज्यालो शीतल किरण धर्तीमा पर्दै गए । पछि जुनेली रातमा धेरैले रमाउन पाएजस्तो उहाँको अभियानलाई साथ दिने निमुखा जनताको साथ बाक्लिँदै गयो । जनताको पक्षमा परिवर्तनहरू पनि केही हुँदै गए ।

अनि कवि श्रेष्ठ पहिले आफूलाई बिच बाटोमा छोड्दै गरेका साथीहरूलाई सम्झिनुहुन्छ । ती साथीहरूको अवस्था देख्नुहुन्छ । उहाँहरू केवल बाँच्नको लागि बाँचिरहनुभएको, लाचार भएर बसिरहेका तथा महत्त्वविहीन भएर जीवन बिताइरहेका देख्दा कवि श्रेष्ठको हृदयद्रवित हुन पुग्दछ । मानवता भएको मानव त हो नि उहाँ । भौतिक सुख सुविधा नै सबैथोक होइन । उहाँका साथीहरूलाई यो कुरा बेलैमा थाहा भएन । आलिशान महलमा बस्न पाएर के गर्ने ? पछि रुचि लाग्दैन, निन्द्रा लाग्दैन भने । विश्वासघात र पश्चातापको बोझ देखिने त होइन तर थाम्न कति गाह्रो ? यो त उहाँहरूलाई थाहा होला ।

चराचुरुङ्गी, पशु, जीव-जीवात्मा कुनै पनि आफ्नो स्वार्थको लागि अघि सधैँ परिश्रम गर्छ त्यो त सामान्य कुरा हो । मानव त विशिष्ट र चेतनशील प्राणी हो नि । सँगै बसेका एक बोकालाई कसैले काट्दै गर्दा अर्को बोको त घाँस खाएर चुप लागी बस्दछ । यसमा कुनै आश्चर्य छैन किनभने बोका त पशु हो । मानव यदि मानव हुने हो भने त्यो बोकाजस्तै चुप लागेर घाँस खाँदै बस्न कदापि हुँदैन । यही चेतना, बुझाइले गर्दा कवि श्रेष्ठ एक्लै भए पनि परम्परागत थिचोमिचोको विरुद्धमा लागिपर्नुभयो । विद्रोहको बाटोमा गुलाफ ओछ्याइएको हुँदैन, निरङ्कुश तानाशाहहरूले आफ्नो बराबरीमा अरु नआओस् भनेर अनेकौँ कोठा र जालोहरू राखेका हुन्छन् । कोहीमा सहिद हुने आँट नहोला । व्यक्तिगत स्वार्थ त त्याग्न सकिन्छ नि । समूहगत हिँडाइ र साथलाई निरन्तरता दिन सकिन्छ नि । कुनै न कुनै रूपमा सहयोग त गर्न सकिन्छ नि । कवि श्रेष्ठ निराश हुनुभएको छैन । साथीहरू फर्किएला भनी उहाँहरू नआए पनि पछिका पुस्ताले साथ दिनेमा उहाँ विश्वस्त देखिनुहुन्छ । वर्तमान अवस्थामा थोरैको भए पनि जनजीवनमा सकारात्मक परिवर्तनहरू देखापरिरहेका छन् । चेतनाको लहर जनजीवनमा फैलिँदै छ । त्यसैले, कविको अभियान न त उग्र विचार हो न त कोरा कल्पना नै हो । यो त वस्तुगत शाश्वत हो ।

त्यस्तै नै तिनै पुस्तकमा रहेको 'म नेपाली र म भक्तपुरवासी' शीर्षकको अर्को कविताप्रति म आकर्षित भएँ । कविता निकै सान्दर्भिक रहेको मेरो बुझाइ रह्यो । थोरै केही पढेँ, सिकेँ र सामर्थ्य बुद्धि क्षमता योग्यता राखेँ भन्दैमा आफ्नो समाज देशप्रति तुच्छ भाव राख्नेहरू अचेल यो देशमा के छ र ? यसले मलाई के दिन्छ र ? मेरो भविष्य यहाँ सुनिश्चित छैन भन्ने भाष्यहरू प्रयोग गरिरहेको हामी पाउँदछौँ । केही सम्पन्न, बौद्धिक, प्राज्ञिक व्यक्तिहरूले त्यस्ता भनाइहरूलाई मलजल दिने गर्छन् जो लुकिछिपि विदेशी सुविधा र भत्ता खान पल्केका छन् । आफू जहाँ जन्मे, हुर्के, सिके र जहाँबाट आफ्नो व्यक्तित्व पहिचान प्राप्त गरे आज त्यसैलाई तुच्छ सम्झनेहरूको सङ्ख्या बढ्दै छ । जिम्मेवार निकायहरू नेपाली दाजुभाइ, दिदीबहिनीहरूलाई विदेसिन बाध्य पार्नेमात्र होइन विदेसिनको लागि सरल र सुलभ तरिका स्थापित गर्दै छन् । त्यस्ताहरू आफ्नो घर जलाएर न्यानो भयो, उज्यालो भयो भनी दङ्ग पर्दै छन् ।

अर्को कुरा भक्तपुरमा भक्तपुरकै देशप्रेमी जनताले गरेको शिक्षा, व्यवसायिक तालिमहरू, स्वास्थ्य, खेलकुद, कलाकृति संस्कृति, सम्पदा आदिको संरक्षण एवम् विकास, स्वच्छ वातावरण कायमका लागि गरिएका प्रयत्नहरू आदिलाई जानाजान अनदेखा गर्ने दृष्टिदोष भएका केही व्यक्तिहरू जताततै नकारात्मक पक्षमात्र देख्ने गर्दछन् । केही कमी कमजोरी होला । त्यसलाई समाधानतर्फ नलगी तीललाई पहाड बनाउने प्रवृत्ति बढ्दो छ । आफ्नै नाक काटेर स्वर्ग देखियो भन्ने भ्रममा पर्नु कतिको बुद्धिमानी होला ? समय र परिस्थितिले सबैलाई सत्यताको बोध गराउनेछ । हेक्का राखौँ, भ्रममा परेर न्याउरी मूसोलाई मारेर पछि पछुताउन नपरोस् । एक दिन सबैको घैँटोमा घाम लाग्नेछ । यही विश्वास गरौँ । हामी आफ्नो जनताको सेवा गर्ने अभियानमा लागिरहौँ । परिश्रमको फल अवश्य पनि सबैको लागि मीठो हुनेछ ।

# क्युवामाथि हमला गर्न निहुँ खोज्दै अमेरिकी अधिकारीहरू

- डेभिड डिक्याम्प

क्युवाविरुद्ध युद्ध गर्नका लागि अमेरिकी अधिकारीहरूले बहाना बनाउँदै छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले क्युवालाई आफ्नो निसानामा राखेको खुला घोषणा गरेको धेरै भएको छैन । अमेरिकी अधिकारीहरू तयारीमा जुटेका छन् ।

गत साता अमेरिकी मिडियाहरूमा आएको खबरअनुसार संरा अमेरिकाको न्याय मन्त्रालयले क्रान्तिका नेता फिडेल क्यास्त्रोका भाइ तथा क्युवाका पूर्वराष्ट्रपति क्यास्त्रोमाथि अभियोग लगाउने तयारी गर्दै छ ।

खबरमा आएअनुसार क्यास्त्रोविरुद्ध क्युवाबाट अमेरिका निर्वासित भएकाहरूको सङ्गठनसँग सम्बन्धित विमानलाई सन् १९९६ मा खसालेको अभियोग लगाउन सक्छ । त्यो घटनामा चार व्यक्ति मारिएका थिए । लागुऔषध तस्करी गरेको निहुँ बनाएर राष्ट्रपति ट्रम्पले क्युवा आसपासका क्षेत्रमा चल्ने डुङ्गाहरूमाथि बमबारी गरिरहेको स्थितिमा पछिल्लो खबर आएको हो । यी बमबारीहरूमा परेर झन्डै २ सय सर्वसाधारण मारिएका छन् । कानुन मन्त्रालयले क्यास्त्रोमाथि अभियोग लगायो भने अमेरिकी सरकारले भेनेजुयलामा जे गऱ्यो, क्युवामा पनि त्यही गर्न सक्छ । भेनेजुयली राष्ट्रपति निकोलस मादुरोलाई अपहरण गरेजस्तै क्यास्त्रोलाई अपहरण गर्ने सम्भावना छ ।



गत आइतबार 'एक्जियोस' मा प्रकाशित रिपोर्टअनुसार अर्को नयाँ बहाना पनि बन्न सक्छ । क्युवाले सैन्य ड्रोनहरू खरिद गरेको घटनालाई निहुँ बनाउन सकिन्छ । रिपोर्टमा केही अज्ञात अमेरिकी अधिकारीहरूलाई उद्धृत गरिएको छ । ती अधिकारीहरूले क्युवासँग ३०० भन्दा बढी ड्रोन भएको तथा अमेरिकाले तेल नाकाबन्दी चर्काएसँगै र अमेरिकी सैन्य गतिविधि बढेसँगै उसले अझ बढी ड्रोन खरिद गर्न खोजिरहेको 'खुफिया जानकारी' लाई निहुँ बनाउन सकिने बताएका थिए ।

क्युवाले ड्रोन खरिद गरेको दाबीलाई 'अमेरिकाले सैन्य कारबाही गर्ने निहुँ' बनाउन सकिन्छ भनी रिपोर्ट उल्लेख गर्छ । साथै, 'ग्वान्टानामोमा रहेको अमेरिकी सैन्य अखडा, सैन्य जलबेडा र हवानाबाट ९० माइल उत्तरमा पर्ने फ्लोरिडाको कि वेस्ट' माथि ड्रोन आक्रमण गर्ने विषयमा क्युबामा चर्चा चलिरहेको बताइएको छ ।

यो रिपोर्टले अमेरिकी अधिकारीहरूबारे एउटा सत्य उद्घाटित गरेको छ । रिपोर्ट भन्छ - '(उनीहरू) क्युवा अमेरिकाको लागि उदाउँदो खतरा हो वा उसले सक्रियतापूर्वक अमेरिकी स्वार्थमाथि आक्रमण गर्ने योजना बुन्दै छ भन्ने विश्वास गर्दैनन्' । तर, रिपोर्ट दाबी पनि गर्छ - 'अमेरिकासँग सम्बन्ध चिसिँदै स्थिति आक्रामक बन्यो भने ड्रोन युद्ध गर्ने विषयमा क्युवाली सैन्य अधिकारीहरूबिच छलफल भइरहेको' अमेरिकी गुप्तचर निकायले सूचना पाएको छ ।

राष्ट्रपति ट्रम्पले पटक-पटक क्युवाविरुद्ध युद्ध गर्ने धम्की दिएका छन् । गत मार्च महिनामा उनले 'क्युवा हातमा लिने सम्मान प्राप्त' गर्न सक्ने बताए । अमेरिका र क्युवा अहिले वार्तारत छन् । गत साता अमेरिकी गुप्तचर निकाय 'सीआईए' का निर्देशक जोन रेटक्लिफले क्युवा भ्रमण गरे । तर, अमेरिकी सरकारले कस्तो सम्झौता स्वीकार गर्नेछ भन्ने स्पष्ट छैन । किनभने, क्युवासम्बन्धी अमेरिकी नीतिको नेतृत्व विदेशमन्त्री मार्को रुबियोले गर्दै छन् । उनले आफूले क्युवामा सत्तापरिवर्तन गर्न चाहेको कुरा यसअघि नै स्पष्ट पारिसकेका छन् ।

*(लेखक 'एन्टिवार डट कम' का समाचार सम्पादक हुन् ।)*

**स्रोत : एमआर अनलाइन**

## भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको ४ वर्ष

# ख्वप अस्पताललाई आधुनिक र सुविधासम्पन्न अस्पतालको रूपमा विकास गर्ने प्रयास गर्दै छौँ



**सुनिल प्रजापति**
प्रमुख, भक्तपुर नगरपालिका

भक्तपुर नगरपालिकामा दोस्रो कार्यकालको लागि हामी निर्वाचित भएर पद बहाली गरेको आजबाट ४ वर्ष पूरा भयो । वि.सं. २०७९ साल जेठ ६ गते आजकै दिन हामीले पद बहाली गरेका थियौँ । यस अवधिमा हामी जनप्रतिनिधिहरूले निर्वाचन घोषणापत्रमार्फत जनताबिच गरेका प्रतिबद्धताहरू एक-एक गरी पूरा गर्दै छौँ । जनताको इमानदारीपूर्वक सेवा गर्नेबाहेक हामी जनप्रतिनिधिहरूको अरू कुनै छुट्टै स्वार्थ छैन । हामी जनताको सेवामा निरन्तर खटिरहेका छौँ । जनताको आलोचना र सुझावहरूलाई आत्मसात गर्दै निरन्तर सेवामा समर्पित भएर काम गरिरहने प्रतिबद्धता व्यक्त गर्दै छौँ ।

सांस्कृतिक नगर, नाचगानको राजधानी र जीवित सङ्ग्रहालयजस्ता उपमा पाएको भक्तपुर नगरको गौरवलाई अझ उचाइमा पुऱ्याउन हामी निरन्तर प्रयासरत छौँ । शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, भौतिक पूर्वाधार निर्माणलगायत संविधान र कानुनले दिएको अधिकारभित्र रहेर विभिन्न विकास निर्माणका कार्यहरू गर्दै आएका छौँ ।

स्थानीय तहको स्वायत्तताको लागि हामीले लामो समयदेखि आवाज उठाउँदै आएका छौँ । हरेक सरकारले स्थानीय तहलाई केन्द्रको मातहतको एउटा निकाय वा आदेश पालकको रूपमा व्यवहार गर्दै आएको छ । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहहरूलाई केही हदसम्म अधिकार सम्पन्न बनाएका छन् । संविधान र ऐनअनुसार कक्षा १२ सम्मको सम्पूर्ण शिक्षाको एकल अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ । तर, त्यसको विपरीत शिक्षा मन्त्रालयले स्थानीय तहसित कुनै किसिमको सल्लाह र समन्वयसम्म नगरी आइतबार बिदा दिने, विद्यार्थी भर्ना र स्कूल सञ्चालनको दिन तोक्नेजस्ता निर्णयहरू गर्‍यो र अध्यादेश जारी गरी विद्यालय व्यवस्थापन समिति गठनमा संशोधन गर्‍यो । यसलाई स्थानीय तहहरूको स्वायत्ततामाथि केन्द्रको हस्तक्षेपको रूपमा लिएका छौँ । संविधानविपरीत यस्ता हस्तक्षेप स्थानीय तहहरूको लागि स्वीकार्य छैन । सङ्घ, प्रदेश र स्थानीय तह सबै आ-आफ्नो क्षेत्रमा स्वायत्त छन् । कसैले पनि अर्को सरकारलाई आदेश वा निर्देशन गर्न मिल्दैन ।

अब भक्तपुर नगरपालिकाले चालु आ.व. २०८२/०८३ मा गरेका केही कार्यहरूबारे यहाँ सङ्क्षिप्तमा राख्न चाहन्छौँ :

**शिक्षा** :

भक्तपुर नगरपालिकाले २ वटा इन्जिनियरिङ कलेजसहित सात वटा शैक्षिक संस्थाहरू सञ्चालन गरी देशभरिका विद्यार्थीहरूलाई कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ । शिशुस्याहार केन्द्रदेखि उच्च शिक्षासम्म प्रदान गर्ने भक्तपुर नगरपालिका नेपालको एकमात्र नगरपालिका हो ।

गुणस्तरीय शिक्षाको लागि विद्यालयहरूलाई भौतिक पूर्वाधार निर्माण, आवश्यक शैक्षिक सामग्री खरिद वा आवश्यकताअनुसार थप शिक्षकको बन्दोबस्तको लागि अनुदान दिँदै आएका छौँ । त्यसैगरी विद्यालय अनुगमनको निरन्तरता, गरिब तथा जेहेनदार विद्यार्थीहरूका लागि पर्याप्त छात्रवृत्तिको व्यवस्था तथा समय समयमा शिक्षकहरूलाई तालिमको व्यवस्था गर्दै छौँ ।

उच्च शिक्षातर्फ यसैवर्ष ख्वप कलेज अफ इन्जिनियरिङलाई गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र (क्यु.ए.ए.) प्राप्त भएको छ । २०८२ पुस ७ गते ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा 'भूकम्प विज्ञान र विपदपछिको पुन:निर्माण' बारे चौथो अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भयो भने त्रिभुवन विश्वविद्यालय भौतिक शास्त्र केन्द्रीय विभाग, काठमाडौँ विश्वविद्यालय स्कूल अफ साइन्स, भौतिक शास्त्र विभाग, ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा 'खाद्य, स्वास्थ्य र कृषिमा चिसो प्लाज्मा र पल्स पावर प्रविधि' विषयमा अन्तर्राष्ट्रिय कार्यशाला २०८२ मङ्सिर २५ देखि पुस १ गतेसम्म सम्पन्न भयो । त्यसैगरी, ख्वप कलेजको आयोजनामा 'वातावरण, सामाजिक र शासन व्यवस्थामा नवीनता' विषयक राष्ट्रिय सम्मेलन र ख्वप कलेज अफ लको आयोजनामा 'फौजदारी कानुन र न्याय' राष्ट्रिय सम्मेलन सम्पन्न भयो । यस्ता राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलनहरूलाई निरन्तरता दिँदै जाने छौँ । शैक्षिक विकासको लागि विभिन्न अनुसन्धानमूलक कामलाई पनि जोड दिँदै आएका छौँ ।

**स्वास्थ्य** :

जनताको स्वास्थ्य उपचार सहज बनाउने उद्देश्यले सञ्चालित घरदैलो नर्सिङ सेवा, वडा-वडामा नियमित स्वास्थ्य शिविरहरू, वडा-वडामा स्वास्थ्य केन्द्रहरूको विस्तार तथा जनचेतनामूलक स्वास्थ्य कार्यक्रमलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्दै छौँ ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताललाई आधुनिक र सुविधासम्पन्न अस्पतालको रूपमा विकास गर्ने प्रयास गर्दै छौँ । यही वर्ष ख्वप अस्पतालमा सिटी स्क्यान सेवा शुभारम्भ भयो भने आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम पनि यही वर्षबाट लागू भयो । बिरामीहरूको सहजताको लागि क्यु.आर. कोड स्क्यान गरी ल्याब रिपोर्ट प्राप्त गर्ने उपकरण जडान गरी सेवा प्रदान गरिरहेका छौँ ।

ख्वप अस्पतालमा दिनानुदिन बिरामीहरूको चाप बढ्दो छ । चालु आर्थिक वर्षको बितेको दस महिनामा ख्वप अस्पतालले २ लाख ४२ हजार ३२६ जना बिरामीलाई सेवा दिइसकेको छ भने घरदैलो नर्सिङ सेवातर्फबाट ४० हजार ९०३ जना बिरामीलाई सेवा प्रदान गरिसकेको जानकारी गराउन चाहन्छौँ । हाल ख्वप अस्पतालमा ४४ जना विशेषज्ञ चिकित्सक, २३ जना मेडिकल अफिसर र ७१ जना नर्ससहित कुल २७५ जनशक्ति कार्यरत छन् ।

स्वास्थ्य बीमाको समयमा भुक्तानी नहुँदा अस्पतालले आर्थिक समस्या ब्यहोरिरहेको छ । ख्वप अस्पतालको बीमा बोर्डसँग हालसम्म ३५ करोडभन्दा बढी भुक्तानी लिन बाँकी भएको अस्पतालले जनाएको छ । जनताको स्वास्थ्यसँग सम्बन्धित बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लानु आवश्यक छ । स्वास्थ्य बीमा कार्यक्रम बन्द भएमा गरिब तथा विपन्न वर्गका बिरामीहरू निजी अस्पतालहरूमा जान बाध्य हुनेछन् र जनताले महँगो शुल्क तिरेर उपचार गराउनुपर्ने अवस्था आउनेछ । यसर्थ, अस्पतालहरूलाई बाँकी भुक्तानीको तत्काल व्यवस्था गर्न नेपाल सरकारको ध्यानाकर्षण गर्न चाहन्छौँ ।

**सम्पदा संरक्षण** :

भक्तपुर नगरपालिकाले सम्पदा संरक्षणलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेको छ । २०७२ सालको भूकम्पबाट सयौँ सम्पदा भत्केका थिए । ती सम्पदाहरू र लोपोन्मुख अन्य सम्पदाहरू मठ, मन्दिर, पाटी, सत्तल, ढुङ्गेधारा, द्योछेँ, मन्दिर, पोखरी आदि समेत गरेर हालसम्म कूल १७८ वटा सम्पदाहरू पुन:निर्माण र जीर्णोद्धार सम्पन्न भइसकेको छ भने अहिले डेढ दर्जन सम्पदाहरू निर्माणाधीन छन् । आजै मात्र मौलिक शैलीमा पुन:निर्मित हाडा छेँको उद्घाटन नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) बाट सम्पन्न भइसकेको छ । छुमा गणेश मन्दिर, इन्द्रायणी द्योछेँको पुन:निर्माण सम्पन्नको चरणमा छन् । थन्थु दरबार, इखालाछी मठजस्ता महत्त्वपूर्ण सम्पदाहरू निर्माणाधीन छन् भने पाहाँ छेँ पुन:निर्माणको कार्य सुरुवात भएको छ ।

यही आर्थिक वर्षमा मात्र भोलाछेँ पाटी ( वडा नं. ६), हैमा द्यो मन्दिर (वडा नं. ८), सलाँ गणेश पाटी (वडा नं. ९), दुगुरे फल्चा (वडा नं. १) लगायत सम्पदा सम्पन्न गर्‍यौँ । सांस्कृतिक पदयात्राअन्तर्गत भक्तपुरका पोखरीहरूको अवलोकन, समय-समयमा योमारी प्रतियोगिता तथा प्रदर्शनी र खाद्य उत्सव, गाईजात्रामा प्रस्तुत सांस्कृतिक प्रदर्शनीलाई पुरस्कार तथा सांस्कृतिक गुरुहरूको सम्मान कार्यक्रम सम्पन्न गर्‍यौँ । यही जेठ १५ गते परम्परागत दाफा प्रदर्शनीको तयारी भइरहेको छ ।

**खेलकुद** :

भक्तपुर नगरपालिकाले सबै नगरवासीहरूलाई स्वस्थ राख्न नगरका २३ ठाउँमा खुला व्यायामशालाको बन्दोबस्त मिलाएका छौँ । खेलकुदको क्षेत्रमा भलिबल, टेबलटेनिस, बक्सिङ, जिम्नास्टिक, कराते र फूटबललगायत विभिन्न ६ वटा खेलकुदको नियमित प्रशिक्षण दिँदै आएका छौँ । खेलकुद विकासका लागि समय-समयमा अन्तरविद्यालय खेलकुद प्रतियोगिता, अन्तरनगर खेलकुद प्रतियोगिता, विद्यार्थीहरूलाई आत्मरक्षा तालिम, शिक्षकहरूलाई प्रशिक्षक प्रशिक्षण तालिम गर्दै आउनुका साथै वडा-वडामा छिकोङ शारीरिक व्यायामसम्बन्धी तालिम भइरहेको छ ।

यस वर्ष सम्पन्न जिल्लाव्यापी राष्ट्रपति कप रनिङ शिल्ड प्रतियोगितामा भनपा प्रथम भएको थियो । राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा मेडल प्राप्त खेलाडीहरूको सम्मान कार्यक्रम आजको यस महत्त्वपूर्ण अवसरमा गर्दै छौँ । हाम्रा खेलाडीहरूको हौसला बढाउन यस्ता किसिमको सम्मान कार्यक्रमलाई निरन्तरता दिँदै जाने छौँ ।

**सरसफाइ** :

'आफ्नो ठाउँको सरसफाइ आफैले गरौँ' भन्ने भावनाको विकास गर्न हरेक महिनाको १ र १५ गते पाक्षिक रूपमा सरसफाइ कार्यक्रमलाई निरन्तरता दिँदै छौँ । जनप्रतिनिधि, कर्मचारी, स्थानीय टीम, क्लवलगायत स्थानीय जनताको त्यस्ता कार्यक्रमहरूमा सहभागी हुँदै आएको छ ।

नगरको फोहरलाई व्यवस्थित गर्न कुहिने र नकुहिने अलग-अलग सङ्कलन गरी कुहिनेको कम्पोस्ट मल बनाई किसानहरूलाई प्रतिकेजी रु. २० मा बिक्री गर्दै आएका छौँ भने नकुहिने फोहर प्रतिकेजी ४ रुपैयाँमा बिक्री गरेर फोहरलाई आर्थिक स्रोत बनाउँदै छौँ । फोहर व्यवस्थापन आधुनिक प्रविधिबाट गर्ने विषयमा पनि छलफल भइरहेको छ ।

**कृषि** :

किसानहरूको जीवनस्तर उठाउन कृषि उत्पादन वृद्धिबिना सम्भव छैन । त्यसको लागि किसानहरूलाई समय समयमा कीटनाषक औषधिको प्रयोग, माटो परीक्षण, नयाँ-नयाँ प्रविधिसम्बन्धी आवश्यक तालिमहरूको बन्दोबस्त गर्दै आएका छौँ । खेती किसानी गर्नेहरूलाई कृषि सामग्री वितरण, किसान सूचीकरण, सहुलियतमा कम्पोस्ट मल वितरण, कृषि व्यवसायीहरूसँग अन्तरक्रियालगायतका कार्यक्रमहरू गर्दै आएका छौँ ।

**सीपमूलक तालिम** :

प्रत्येक युवालाई शिक्षासँगै सीपमूलक तालिम दिनुपर्ने आवश्यकतालाई महसुस गरी पाक शिक्षा, ज्येष्ठ नागरिक हेरचाह, हेयर कटिङ, सिलाइ, मोबाइल मर्मत, छालाको जुत्ता बनाउने, सिकर्मी, कपडाको झोला तथा ब्याग बनाउने, उद्यमशीलतालगायतका तालिमहरू नियमित सञ्चालन गर्दै आएका छौँ । त्यसैगरी, होम स्टे व्यवस्थापन, कम्प्युटर, चिनियाँ र जापानी भाषा, टेलिभिजन, एआईको प्रयोगसम्बन्धी तालिम दिएर युवाहरूलाई दक्ष बनाउने प्रयास गर्दै छौँ । तालिम प्राप्त युवाहरूलाई स्वरोजगार बनाई आत्मनिर्भर बनाउन भक्तपुर नगरपालिकाले युवा उद्यमशीलता ऋणको पनि व्यवस्था गरिरहेका छौँ ।

**विकास निर्माण** :

भक्तपुर नपा वडा नं. १० स्थित सिलखेमा प्राङ्गारिक मल प्रशोधन केन्द्र निर्माणाधीन अवस्थामा छ । भनपा वडा नं. ८ लिबालीमा शीत भण्डारण गृह निर्माण, स्वास्थ्य सेवा विस्तारका लागि भनपा वडा नं. ७ र वडा नं. १० मा स्वास्थ्य सेवा केन्द्र, भनपा वडा नं. ५ मा पार्किङ निर्माण कार्यहरू अन्तिम चरणमा पुगेको छ । त्यस्तै, खोला नियन्त्रण तथा बाढीबाट हुने क्षति न्यूनीकरण गर्न हनुमन्ते खोलाको ठाउँ-ठाउँमा रिटेनिङ वाल निर्माण कार्य भइरहेको छ भने घाट सुधार, खोलामा माटो निकाल्ने र सफा गर्ने कार्य भइरहेको छ । ख्वप अस्पताल परिसरमा सहायक पूर्वाधार निर्माण कार्य भइरहेको छ भने नगरका विभिन्न सडकहरू मर्मत सम्भार भइरहेका छन् । सिलखेदेखि कमलविनायकसम्म खानेपानी पाइपलाइन विस्तार गर्ने र खानेपानी प्रशोधन प्लान्ट जडान गर्ने कार्य चालू छ । भनपा वडा नं. ६ मा आदर निकेतन भवनमा फिनिसिङ तथा विद्युतीय कार्य र सीसीटीभी जडानजस्ता अन्तिम चरणका कार्य भइरहेको छ भने तारा माविको भवन निर्माण कार्य तीव्रगतिमा अगाडि बढिरहेको छ ।

**खानेपानी** :

भक्तपुरका जनतालाई खानेपानी समस्या समाधानको लागि निरन्तर प्रयास गर्दै छौँ । हामी दोस्रो कार्यकालको लागि निर्वाचित भएको पहिलो वर्ष अर्थात् वि.सं. २०७९ सालदेखि नै केयूकेएलसँग समन्वय गरी मेलम्चीको पानी वितरण सुरु गरेका थियौँ । अझै नगरका केही ठाउँहरूमा खानेपानी समस्या देखिएको हुँदा ती सबै क्षेत्रमा खानेपानी पुऱ्याउन ठाउँ-ठाउँमा पाइपलाइन विस्तार गरी पानी वितरणको लागि आवश्यक पहल गरिरहेका छौँ ।

बस्ती विस्तारसँगै नगरकोटको पानी अपुग हुँदै गइरहेको हुँदा वैकल्पिक स्रोतहरू इनार, ढुङ्गेधारा, पोखरी, संरक्षणलाई पनि जोड दिँदै छौँ । जमिनमुनिको पानी बोरिङ गरी अभाव न्यूनीकरण गर्दै वर्षैभरि नगरवासीहरूलाई सहज पानी उपलब्ध गराउन प्रयासरत छौँ ।

**सहकारी** :

सहकारी पीडितहरूको विषयलाई सम्बोधन गर्न फरार सञ्चालकहरूबारे आवश्यक कानुनी प्रक्रिया अवलम्बन गरी सञ्चालकहरूको सम्पत्ति रोक्का गर्नेजस्ता कार्य गर्दै आएका छौँ । कमी कमजोरी देखिएका सहकारीहरूको अनुगमन गरी सुधार्ने प्रयास भइरहेको छ । कानुनविपरीत जनताको बचत लिएर भाग्ने सञ्चालकहरूलाई कानुनबमोजिम कारबाही प्रक्रिया अघि बढाएका छौँ ।

**देको मिवा इतापाके आवास योजना** :

१६५३ रोपनी जग्गामा सञ्चालित यस आवास योजना अन्तिम चरणमा पुगेको छ । जग्गावाला किसानहरूलाई जग्गाधनी पुर्जा निरन्तर वितरण भइरहेको छ । स्थानीयवासीहरूको गुनासोलाई ध्यानमा राखी उचित सम्बोधन गर्ने प्रयास भइरहेको छ । विशेषगरी गुठी जग्गा कमाउने मोहीहरूको समस्या सम्बोधन गर्न सम्बन्धित क्षेत्रमा पहल गरिरहेका छौँ ।

**सञ्चारमाध्यम** :

नगरपालिकाको हरेक गतिविधि र निर्णयहरू मासिक 'भक्तपुर', पाक्षिक 'ख्वप पौ', 'भक्तपुर खबर डट कम' (अनलाइन) पत्रिका, फेसबुक पेज, वेभ साइटमार्फत सार्वजनिक गर्दै आएका छौँ ।

**बजार अनुगमन** :

जनताको स्वास्थ्यलाई ध्यानमा राखी सबैखाले खाद्यान्न र उपभोग्य वस्तु बिक्री वितरणका सम्बन्धमा नगरपालिकाले अनुगमन गर्दै आएको छ । अनुगमनको क्रममा गलत काम गर्ने व्यवसायीहरूलाई कानुनी कारबाही गर्दै आएका छौँ ।

**नक्सापास र मुद्दा फछ्र्यौट** :

चालू आ.व.मा ३८० नक्सा दर्ता भएकोमा ३४४ वटा नक्सा पास भएको छ भने १७१ वटा निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गरिसकेको छ । सो अवधिमा अनियमित निर्माणसमेत गरी ४७० मुद्दा दर्ता भएकोमा ३६७ वटा मुद्दा फछ्र्यौट भइसकेको छ ।

**विविध** :

- २०८२ कार्तिक २९ गते जर्मनीको लाउसिट्ज चिकित्सा विश्वविद्यालयका कुलपति प्रोफेसर इखार्ड नागेलको नेतृत्वमा आएको प्रतिनिधि मण्डलले ख्वप अस्पतालको अवलोकन भ्रमण गर्‍यो ।
- २०८२ वैशाख ४ गते वाग्मती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरू र ख्वप अस्पतालको निरीक्षण गर्नुभयो ।
- चालू आर्थिक वर्षमा बाग्मती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापामगर, दमक नपाका नगर प्रमुख रामकुमार थापा, मधेश विश्वविद्यालयका उपकुलपति प्रा.डा. दिपक शाक्य, इलाम र रंगेली नपाका जनप्रतिनिधिहरूले भक्तपुर नगरपालिकाको अध्ययन अवलोकन भ्रमण गर्नुभयो ।
- साथै, चीनको छोङछिङ समाज विज्ञान अध्ययन प्रतिष्ठानका अनुसन्धानकर्ता सिओङ पो, दक्षिण कोरियाको छ्योङ्याङ्गुन खेलकुद परिषद्का अध्यक्ष हान ग्वाङ सियोक, पूर्वी चीन प्राविधिक विश्वविद्यालयका डीन प्राध्यापक डा. लिऊ युइ मिङ, जनवादी गणतन्त्र चीनको इस्ट चाइना युनिभर्सिटी अफ टेक्नोलोजी र छिङहाई मिन्चु युनिभर्सिटीको प्रतिनिधिमण्डल, दक्षिण एसियाली मुलुकका वास्तुविद्हरूको टोलीले भक्तपुर भ्रमण गरेको रेकर्ड छ ।
- मित्रराष्ट्र चीनको युनानस्थित फुवाई युनान कार्डियो भास्कुलर अस्पतालका कार्यरतविज्ञ चिकित्सकहरूको सहभागितामा नि:शुल्क मुटु परीक्षण शिविर सम्पन्न गरियो ।

अन्त्यमा, नेपाल मजदुर किसान पार्टीका उम्मेदवारहरूलाई निर्वाचनमा विजयी बनाएर सांस्कृतिक नगरको नेतृत्व गर्ने अवसर दिनुभएकोमा सम्पूर्ण जनताप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौँ । नगरपालिकाको हरेक काममा साथ र सहयोग गर्नुहुने सबै जनतामा हार्दिक धन्यवाद छ । आगामी दिनमा पनि यस्तै सहयोगको अपेक्षा गर्दछौँ ।

# सी–पुटिनबिच ‘अडिग’ र ‘रणनीतिक रूपमा बलियो’ सम्बन्धमा जोड




पेइचिङ, ६ जेठ (एएफपी)। रुसी राष्ट्रपति भ्लादिमिरपुटिनको चीन भ्रमणको क्रममा चिनियाँ राष्ट्रपति सी जिनपिङ र रुसी राष्ट्रपति पुटिनले पेइचिङमा भेटवार्ता गर्दै चीन–रुस सम्बन्धलाई ‘अडिग’ र ‘रणनीतिक रूपमा बलियो’ भएको बताउनुभएको छ। विश्व राजनीति तीव्र ध्रुवीकरणतर्फ गइरहेका बेला दुई नेताले आफ्नो साझेदारीलाई अझ गहिरो बनाउने सङ्केत दिनुभएको हो।

गत साता चीन भ्रमणमा पुगेका ट्रम्पलाई पेइचिङले भव्य स्वागत गरेको थियो। तर हर्मुज जलघाँटी पुन: सञ्चालनमा सहयोग गर्ने विषयदेखि अन्य महत्त्वपूर्ण आर्थिक तथा सुरक्षा मुद्दामा ठोस उपलब्धि ननिस्किएपछि त्यस भ्रमणलाई मिश्रित परिणामका रूपमा हेरिएको थियो। त्यसको ठीकपछि भएको पुटिनको चीन भ्रमणलाई भने दुवै देशबिच व्यावहारिक सहकार्य विस्तार गर्ने प्रयासका रूपमा विश्लेषण गरिएको छ।

विशेषगरी युक्रेन युद्धका कारण पश्चिमी प्रतिबन्धको चापमा परेको रुस अहिले ऊर्जा निर्यातका लागि चीनमाथि अझ बढी निर्भर बन्दै गएको छ। पश्चिमी देशहरूले लगाएको प्रतिबन्धले रुसको ऊर्जा आम्दानीमा असर पारेपछि मस्कोले पेइचिङसँगको सम्बन्धलाई आफ्नो आर्थिक र रणनीतिक सुरक्षा दुवैका लागि महत्त्वपूर्ण ठानेको देखिन्छ।

यसैबिच, इरानविरुद्ध जारी अमेरिका-इजरायल युद्धका कारण मध्यपूर्वबाट तेल र ग्यास आपूर्तिमा अवरोध उत्पन्न भएपछि रुसले आफूलाई वैकल्पिक ऊर्जा आपूर्तिकर्ताका रूपमा प्रस्तुत गर्ने अवसर खोजिरहेको छ। विश्लेषकहरूका अनुसार पुटिनले यस भ्रमणका क्रममा मङ्गोलियामार्फत चीनसम्म ल्याइने प्रस्तावित ‘पावर अफ साइबेरिया-२’ प्राकृतिक ग्यास पाइपलाइन परियोजनालाई अघि बढाउन दबाब दिन सक्ने सम्भावना छ। यो परियोजनालाई मध्यपूर्वबाट समुद्री मार्ग हुँदै आउने ऊर्जाको स्थलीय विकल्पका रूपमा हेरिएको छ।

पेइचिङस्थित विशाल ग्रेट हल अफ द पिपुलमा भएको वार्ताको उद्घाटन सत्रमा दुवै नेताले ‘मैत्रीपूर्ण सहयोग’ सम्बन्धी सन्धि विस्तार गर्ने घोषणा गर्दै दुई देशबिचको सम्बन्धलाई विशेष महत्त्व दिनुभएको थियो। चिनियाँ सरकारी सञ्चारमाध्यमका अनुसार सीले पुटिनसँग ‘राजनीतिक आपसी विश्वास र रणनीतिक समन्वयलाई निरन्तर गहिरो बनाइएको’ बताउनुभएको थियो।

उता रुसी सञ्चारमाध्यमले सार्वजनिक गरेको दृश्यअनुसार पुटिनले पनि ‘प्रतिकूल बाह्य परिस्थितिहरू’ का बाबजुद चीन–रुस सम्बन्ध ‘अभूतपूर्व उच्च स्तरमा पुगेको’ उल्लेख गर्नुभएको थियो। उहाँले कुनै देशको नाम नलिए पनि यो टिप्पणी अमेरिकातर्फ सङ्केत गरिएको रूपमा हेरिएको छ।

सीले वार्ताका क्रममा ‘एकपक्षीय र प्रभुत्ववादी प्रवृत्ति अनियन्त्रित रूपमा फैलिरहेको’ चेतावनी दिँदै अप्रत्यक्ष रूपमा अमेरिकाको आलोचना गर्नुभएको थियो। पछिल्ला महिनाहरूमा ट्रम्प नेतृत्वको अमेरिकाको अनिश्चित नीतिका कारण धेरै मुलुक चीनसँग नजिकिन थालेको विश्लेषण भइरहेका बेला पेइचिङले विश्व नेताहरूको शृङ्खलाबद्ध स्वागतलाई तीव्रता दिएको छ।

सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण सुरु गरेपछि चीन–रुस सम्बन्ध अझ निकट बनेको छ। पश्चिमी देशहरूसँगको दूरी बढेसँगै पुटिनले हरेक वर्ष चीन भ्रमण गर्दै आउनुभएको छ। यही सन्दर्भमा वासिङ्टनस्थित ब्रुकिङ्स संस्थाकी विश्लेषक प्याट्रिसिया किमले सी–पुटिन सम्बन्धलाई ‘प्रदर्शनात्मक आश्वासनको आवश्यकता नपर्ने सम्बन्ध’ को रूपमा व्याख्या गर्नुभएको छ। उहाँका अनुसार ट्रम्पको भ्रमणभन्दा पुटिनको भ्रमण कम आकर्षक देखिए पनि त्यसको रणनीतिक महत्त्व बढी छ।

सीले सेप्टेम्बर २०२५ मा पुटिनलाई ‘पुरानो मित्र’ भन्दै आत्मीय स्वागत गर्नुभएको थियो। विश्लेषकहरूका अनुसार चीन र रुस दुवैले आफ्नो सम्बन्धलाई चीन-अमेरिका सम्बन्धभन्दा ‘संरचनात्मक रूपमा स्थिर र बलियो’ ठानिरहेका छन्।

पेइचिङले युक्रेन युद्ध अन्त्यका लागि वार्ताको समर्थन गर्दै आएको छ। तर आफूलाई तटस्थ पक्षका रूपमा प्रस्तुत गरे पनि चीनले रुसको सैन्य कारबाहीको खुला आलोचना गरेको छैन। अर्कोतर्फ, युद्धका लागि आवश्यक आर्थिक आधार कायम राख्न रुस चीनसँगको व्यापार र ऊर्जा कारोबारमा अत्यधिक निर्भर रहेको देखिन्छ। एसिया समाजका लाइल मोरिसका अनुसार पुटिन चीनको समर्थन गुमाउन चाहनुहुन्न।

यद्यपि मध्यपूर्व युद्धको विषयमा चीन र रुसका प्राथमिकतामा केही भिन्नता देखिएको छ। हर्मुज जलघाँटी बन्द भएपछि तेलको मूल्य आकासिएसँगै रुसले त्यसबाट आर्थिक लाभ लिन खोजिरहेको विश्लेषण गरिएको छ। रुसी विदेशमन्त्री सर्गेइ लाभरोभले अप्रिलमा सीसँग भेटपछि मध्यपूर्व सङ्कटका कारण विश्व ऊर्जा आपूर्ति प्रभावित भए रुसले चीनको ऊर्जा अभाव पूर्ति गर्न सक्ने बताउनुभएको थियो।

तर चीन भने मध्यपूर्वको युद्ध चाँडो अन्त्य होस् भन्ने पक्षमा देखिएको छ। पुटिनसँगको वार्तामा सीले मध्यपूर्वमा थप शत्रुता ‘अस्वीकार्य’ भएको बताउँदै ‘व्यापक युद्धविराम अत्यन्त जरुरी’ रहेकोमा जोड दिनुभएको थियो।

सिङ्गापुरस्थित नानयाङ प्राविधिक विश्वविद्यालयका जेम्स चारका अनुसार चीन आफ्नो आर्थिक गतिविधि कायम राख्न विश्वका प्रमुख समुद्री मार्गहरूको निर्बाध सञ्चालनमा निर्भर छ। त्यसैले हर्मुज जलघाँटीमा देखिएको तनाव सकेसम्म छिटो अन्त्य होस् भन्ने चाहना पेइचिङको रहेको उहाँले बताउनुभयो।

# चीन–अमेरिका महसुल सहकार्य

पेइचिङ, ६ जेठ (एएफपी)। चीन र अमेरिकाबिच लामो समयदेखि जारी व्यापार तनावलाई थप नरम बनाउने सङ्केतस्वरूप पेइचिङले वासिङ्टनसँग मिलेर पारस्परिक महसुल कटौतीको प्रक्रिया अघि बढाउने जनाएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको हालै सम्पन्न चीन भ्रमणपछि बुधबार सार्वजनिक गरिएको चिनियाँ वाणिज्य मन्त्रालयको विज्ञप्तिमा दुवै देशले अर्बौं डलर बराबरका सामानमा लाग्दै आएको अतिरिक्त महसुल घटाउने दिशामा काम गर्ने सहमति भएको उल्लेख गरिएको छ।

विश्वका दुई ठुला अर्थतन्त्र चीन र अमेरिकाबिच सन् २०२५ भर व्यापारिक प्रतिस्पर्धा चर्किएको थियो। एकअर्कामाथि लगातार महसुल बढाउने क्रमले विश्व बजारमा समेत प्रभाव पारेको थियो। तर गत अक्टोबरमा दक्षिण कोरियामा दुई देशका नेताबिच भएको भेटपछि व्यापार युद्धलाई एक वर्षका लागि रोक्ने सहमति बनेको थियो। त्यसयता सम्बन्ध सुधारका लागि विभिन्न चरणमा वार्ता अघि बढाइएको छ।

गत साता सम्पन्न शिखर वार्तापछि दुवै देशले संयुक्त व्यापार परिषद् गठन गरेका छन्। चिनियाँ वाणिज्य मन्त्रालयका अनुसार सो परिषद्को मातहतमा दुवै पक्षले ‘समान स्तरका उत्पादनहरूमा पारस्परिक महसुल कटौतीका लागि ढाँचागत व्यवस्था’ तयार गर्ने विषयमा सैद्धान्तिक सहमति जनाएका छन्। मन्त्रालयले यसलाई व्यापारिक सम्बन्धलाई स्थिर बनाउने महत्त्वपूर्ण कदमका रूपमा प्रस्तुत गरेको छ।

वाणिज्य मन्त्रालयका एक अज्ञात अधिकारीलाई उद्धृत गर्दै जारी गरिएको अनलाइन विज्ञप्तिमा प्रस्तावित महसुल कटौतीबाट दुवै पक्षका कम्तीमा ३० अर्ब डलर मूल्य बराबरका सामान प्रभावित हुने जनाइएको छ। यसले औद्योगिक सामग्रीदेखि उपभोग्य वस्तुसम्मका विभिन्न उत्पादनमा प्रभाव पार्न सक्ने अनुमान गरिएको छ।

चीनले वार्ताका क्रममा अमेरिकाले गरेका प्रतिबद्धता कार्यान्वयन हुने अपेक्षा पनि व्यक्त गरेको छ। पेइचिङले गत वर्ष भएको व्यापार युद्धविराम सम्झौतालाई थप विस्तार गर्नुपर्ने आवश्यकता औँल्याउँदै दुवै पक्षबिच सहकार्य निरन्तर रहनुपर्ने जनाएको छ।

द्विपक्षीय सम्बन्ध सुधारको अर्को सङ्केतस्वरूप चीनले केही अमेरिकी गोमांश निर्यातकहरूको दर्ता पुनर्स्थापना गरेको जानकारी पनि दिएको छ। व्यापार तनाव उत्कर्षमा पुगेपछि ती कम्पनीहरूमाथि प्रतिबन्ध लगाइएको थियो। अहिले पुन: अनुमति दिइनुलाई कृषि व्यापार सहज बनाउने प्रयासका रूपमा हेरिएको छ।

यसैबिच, सी-ट्रम्प शिखर सम्मेलनको अर्को महत्त्वपूर्ण उपलब्धिका रूपमा चीनले अमेरिकी वायुयान निर्माण कम्पनी बोइङबाट २०० वटा विमान खरिद गर्ने निर्णय पुष्टि गरेको छ। यद्यपि कुन नमूनाका विमान खरिद गरिने भन्नेबारे स्पष्ट पारिएको छैन।

अमेरिकी सञ्चारमाध्यमहरूले पछिल्ला केही महिनादेखि चीनले बोइङसँग ठुलो परिमाणमा विमान खरिद सम्झौता गर्ने तयारी गरिरहेको समाचार प्रकाशित गर्दै आएका थिए। ती विवरणअनुसार सम्भावित अर्डरमा ५०० वटा एकल-मार्ग ७३७ म्याक्स विमान, साथै करिब १०० वटा ७८७ ड्रिमलाइनर र ७७७ शृङ्खलाका ठुला विमान समावेश हुन सक्ने बताइएको थियो।

दुर्लभ पृथ्वी खनिजको आपूर्ति र निर्यात नियन्त्रणसम्बन्धी संवेदनशील विषयमा भने बुधबारको विज्ञप्तिमा धेरै विवरण दिइएको छैन। चीनले गत वर्षदेखि यस्ता महत्त्वपूर्ण खनिजमा निर्यात प्रतिबन्ध कडा बनाएको थियो, जसले विश्व प्रविधि तथा रक्षा उद्योगलाई समेत असर पारेको थियो।

यस विषयमा मन्त्रालयले ‘दुवै पक्षले एकअर्काका वैध र कानुनी चासोहरूको अध्ययन तथा समाधानका लागि संयुक्त रूपमा काम गर्नेछन्’ मात्र भनेको छ।

# द्वन्द्वको असर गाजाको स्वास्थ्य सेवामा, ७६ प्रतिशत उपकरण निष्क्रिय

गाजा, ६ जेठ (सिन्ह्वा)। गाजा क्षेत्रमा जारी द्वन्द्वका कारण अस्पतालहरूमा प्रयोग हुने करिब ७६ प्रतिशत चिकित्सकीय स्क्यान उपकरण हाल सञ्चालनबाहिर रहेको स्थानीय स्वास्थ्य अधिकारीहरूले अत्यन्त सम्मानपूर्वक जानकारी गराएका छन्, जसले बिरामी तथा घाइतेहरूको उपचार सेवामा गम्भीर चुनौती उत्पन्न गरेको छ।

गाजास्थित स्वास्थ्य निकायअन्तर्गत चिकित्सकीय स्क्यान विभागका निर्देशक इब्राहिम अब्बासका अनुसार, हाल सञ्चालनमा रहेका अस्पतालहरूमा स्वास्थ्यकर्मीहरूले अत्यन्त कठिन परिस्थितिमा सीमित स्रोतसाधनका बिच सेवा निरन्तरता दिने प्रयास गरिरहेका छन्।

उहाँले अधिकांश उपकरण पुराना तथा जीर्ण अवस्थामा रहेको उल्लेख गर्दै आवश्यक जगेडा पुर्जाको अभाव तथा मर्मतसम्भारमा आएको अवरोधका कारण नियमित सेवा प्रवाहमा थप कठिनाइ भइरहेको बताउनुभएको छ।

उहाँका अनुसार जारी द्वन्द्वका क्रममा गाजामा रहेका सबै चुम्बकीय अनुनाद स्क्यान उपकरण नष्ट भएपछि उक्त सेवा पूर्ण रूपमा बन्द भएको छ। साथै, गणनात्मक स्क्यान, विकिरण स्क्यान तथा जटिल शल्यक्रियामा प्रयोग हुने अन्य महत्त्वपूर्ण उपकरणहरूको ठुलो हिस्सा पनि सञ्चालनबाहिर रहेको जनाइएको छ। उपलब्ध विवरणअनुसार द्वन्द्वअघि रहेका उपकरणमध्ये ठुलो भाग क्षतिग्रस्त वा निष्क्रिय अवस्थामा पुगेको छ, जसका कारण आपत्कालीन अवस्था, गम्भीर घाइते तथा जटिल रोगका बिरामीहरूको समयमै परीक्षण तथा उपचारमा उल्लेखनीय कठिनाइ भएको छ।

यस अवस्थाले अस्पतालहरूको दैनिक कार्यप्रणाली, विशेषगरी आकस्मिक उपचार र शल्यक्रियाका निर्णय प्रक्रियामा प्रत्यक्ष असर पारेको उहाँले उल्लेख गर्नुभएको छ। साथै, स्वास्थ्य सेवा निरन्तरता सुनिश्चित गर्न आवश्यक मानवीय सहायता, प्राविधिक सहयोग तथा उपकरण मर्मतका लागि आवश्यक सामग्री उपलब्ध गराउन अन्तर्राष्ट्रिय समुदायसँग विनम्रतापूर्वक आग्रह गरिएको छ।

# क्यालिफोर्नियामा भीषण आगलागी, १७ हजार विस्थापित

सिमी भ्याली (क्यालिफोर्निया), ६ जेठ (एपी)। दक्षिणी क्यालिफोर्नियामा फैलिएको भीषण डढेलोका कारण १७ हजारभन्दा बढी मानिसलाई घर खाली गर्न आदेश दिइएको छ। उपनगरीय बस्तीहरूलाई प्रत्यक्ष खतरा पुगेपछि ठुलो स्तरको निकासी अभियान सञ्चालन गरिएको छ।

लस एन्जलसबाट करिब ३० माइल (४८ किलोमिटर) उत्तर-पश्चिममा रहेको सिमी भ्याली वरिपरिका पहाडी क्षेत्रमा सोमबारदेखि हावाले तीव्र बनाएको स्यान्डी फायर फैलिएको हो। सुक्खा झाडी क्षेत्रमा सुरु भएको आगलागी बिस्तारै बस्ती नजिक पुगेपछि स्थानीय प्रशासनले आपतकालीन कदम चालेको हो।

भेन्टुरा काउन्टी अग्नि विभागका अनुसार मङ्गलबार बिहानसम्म आगलागीले दुई वर्गमाइल (करिब पाँच वर्गकिलोमिटर) भन्दा बढी क्षेत्रफल जलेको छ भने कम्तीमा एउटा घर पूर्ण रूपमा नष्ट भएको छ। प्रारम्भिक चरणमा आगलागी ३० माइल प्रतिघण्टा (४८ किलोमिटर प्रतिघण्टा) को गतिमा फैलिएको थियो।

तर रातभर हावाको गति केही कम भएपछि नियन्त्रण प्रयासमा राहत मिलेको अग्नि विभागका प्रवक्ता एन्ड्रयु डाउडले जानकारी दिनुभयो। उहाँका अनुसार अनुकूल मौसमका कारण अग्नि नियन्त्रक टोलीले केही प्रगति गरे पनि हावा फेरि तीव्र हुन सक्ने जोखिम कायमै छ।

हालसम्म आगलागी करिब पाँच प्रतिशत मात्र नियन्त्रणमा आएको छ। आगलागीको कारणबारे अनुसन्धान भइरहेको अधिकारीहरूले जनाएका छन्।

सिमी भ्याली क्षेत्रमा एक लाख २५ हजारभन्दा बढी जनसङ्ख्या रहेको बस्ती वरिपरि अझै पनि निकासी आदेश र चेतावनीहरू कायम छन्। बाक्लो धुवाँका कारण क्षेत्र धुम्मिएको छ भने अग्नि नियन्त्रकहरूले हवाईमार्फत पानी खसालेर आगो नियन्त्रण गर्ने प्रयास जारी राखेका छन्।

यसैबिच, दक्षिणी क्यालिफोर्नियाको तटीय क्षेत्रमा रहेको सान्ता रोजा टापुमा पनि अर्को ठुलो डढेलो फैलिएको छ। करिब २३ वर्गमाइल (५९ वर्गकिलोमिटर) क्षेत्रफलमा फैलिएको उक्त आगलागीले एउटा क्याबिन र एउटा उपकरण भण्डारण भवन ध्वस्त पारेको छ।

आगलागीका कारण राष्ट्रिय निकुञ्ज सेवाका ११ जना कर्मचारीलाई सुरक्षित रूपमा बाहिर निकालिएको छ। मङ्गलबार बिहानसम्म त्यहाँ आगलागी पूर्ण रूपमा नियन्त्रणमा आउन सकेको छैन।

क्याम्पिङ र पदयात्राका लागि लोकप्रिय सान्ता रोजा टापु वन्यजन्तुहरूको महत्त्वपूर्ण बासस्थान पनि हो, जहाँ ब्वाँसो, धब्बेदार स्कङ्क र हात्ती सिलजस्ता प्रजातिहरू पाइन्छन्।

# निर्वाचनसम्बन्धी दुई विधेयक प्रस्तुत

काठमाडौँ, ६ जेठ । प्रतिनिधिसभाको बुधबारको बैठकमा प्रधानमन्त्री बालेन्द्र साहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले गत निर्वाचनका लागि जारी भएका अध्यादेशलाई प्रतिस्थापन गर्ने बनेका दुई विधेयक प्रस्तुत गर्नुभएको छ ।

मन्त्री गौतमले 'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) विधेयक, २०८३' र 'मतदाता नामावली (पहिलो संशोधन) विधेयक, २०८३' प्रस्तुत गर्नुभएको हो । ती विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव बहुमतले स्वीकृत भएको थियो ।

प्रतिनिधिसभाको अर्को बैठक यही जेठ ७ गते बिहीबार बिहान ११:०० बजे बस्नेछ । ***रासस***


## हार्दिक समवेदना



जन्म
१९९२/०२/११

स्वर्गारोहण
२०८२/१२/२४

यस विद्यालयका संस्थापक प्रधानाध्यापक श्रीराम सुवालका पूजनीय पिता **कान्छा सुवाल**को असामयिक स्वर्गारोहण भएको आज **४५ औं** दिन (लत्या)को पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सेकरिङ् हाट् एकेडेमी परिवार**
सूर्यविनायक, गपलि-४, भक्तपुर



## हार्दिक समवेदना



जन्म :२०१४/०१/१५
निधन :२०८३/०२/०४

यस संस्थाका सदस्यता नं ४२३८ का सदस्य **ज्ञानमाया मानन्धर**को असामयिक निधन भएको आज चौथो दिन(लक्च)को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह, भ.न.पा.-९



## हार्दिक समवेदना

जन्म
१९९२/०२/०१



स्वर्गारोहण
२०८३/०२/०१

नेमकिपा २ वडा समितिका साधारण सदस्य न्हुछेभक्त कोजू, मैयाकेशरी कोजू तथा २ वडा ने.क्रा.म. सङ्घका पूर्वअध्यक्ष सूर्यलक्ष्मी कोजूकी ममतामयी आमा तथा सासूआमा **मैयाँ कोजू**को दुःखद निधन भएको आज **७ औं** दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**नेमकिपा २ वडा समिति**


## भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.

च्याम्हासिंह –९, भक्तपुर, फोन ६६१४६८६

## धितो लिलाम विक्री गर्नेसम्बन्धी ३५ दिने सार्वजनिक सूचना

***प्रथमपटक प्रकाशित मिति:२०८३ जेठ ७ गते***

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्दै आउनुभएको कर्जाको सावाँ, ब्याज र हर्जना संस्थालाई बुझाउनुपर्नेमा हालसम्म पनि नबुझाई कर्जासम्बन्धी सर्त तथा बन्देजहरूको उल्लङ्घन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्वारा सावाँ/ब्याज/हर्जना तथा अन्य दै दस्तुरसमेत भुक्तान गर्न ताकेता गर्दासमेत कर्जा नतिरेको, नबुझाएको हुँदा कर्जा चुक्ता गर्नको लागि मिति २०८२/०९/१४ गते ऋणी तथा जमानीकर्तासमेतलाई सूचित हुने गरी 'मजदुर' दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत समयावधिभित्र ऋण कर्जाको सावाँ, ब्याज, हर्जना तथा अन्य दै दस्तुर भुक्तानी नगरेकोले तपसिलमा उल्लेखित ऋणीले धित्तो सुरक्षणबापत लेखिदिएको चलअचल सम्पत्ति घर/जग्गा जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी सहकारीको सम्पूर्ण लेना रकम असुलउपर गरी लिनको लागि ऋणको सुरक्षणबापत लेखी दिएको तपसिलको चलअचल सम्पत्ति तथा घर जग्गाहरू सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, वाग्मती प्रदेश सहकारी ऐन २०७६, प्रदेश सहकारी नियमावली २०७६ तथा प्रचलित कानुनबमोजिम धित्तो लिलाम बिक्रीसम्बन्धी यो **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गरिएको छ । अत: उल्लेखित म्यादभित्र तपसिलमा उल्लेखित लिलाम बिक्री हुने धित्तो सुरक्षण सम्पत्ति गोप्य शिलबन्दी बोलपत्रद्वारा खरिद गरी लिन इच्छुक सङ्घ, संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरूले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफुले कबोल गरेको रकमसहितको गोप्य शिलबन्दी बोलपत्र पेस गर्नुहुन अनुरोध गर्दछौं । कुनै कारणबस लिलाम बिक्रीमा तपसिलको धित्तो सुरक्षण कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, वाग्मती प्रदेश सहकारी ऐन २०७६, प्रदेश सहकारी नियमावली २०७६ तथा प्रचलित कानुनबमोजिम सो सम्पत्ति सहकारी संस्था आफैले सकार गरी लिने व्यहोरासमेत यसै सूचनाद्वारा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । धित्तो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैले सकार गर्दा साबिकमा संस्थाबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहीँकतै उजुरबाजुर गर्न पाइने छैन । साथै तपसिलको धित्तो लिलाम बिक्रीबाट पनि यस सहकारीको सम्पूर्ण लेना रकम असुलउपर नभएमा सम्बन्धित ऋणी तथा जमानीकर्ता र निजको एकाघरको परिवारको नाममा रहेको अन्य जायजेथा सम्पत्तिबाट समेत असुलउपर गरिलिने व्यहोरासमेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

| ऋणीको विवरण | ऋणीको फोटो | धितोमा रहेको घरजग्गाको विवरण |
|---|---|---|
| **नाम :** शान्ति बासुकला<br>**पति :** मुकेश बासुकला<br>**ससुरा :** ज्ञानीप्रसाद बासुकला<br>**ठेगाना :** भ.न.पा.वडा नं. १०, ब्यासी<br>**ना.प्र.नं. :** २९१००१/१६७९<br>**जारी मिति :** २०६४/०३/०१<br>जि.प्र.का.भक्तपुर |  | भक्तपुर जिल्ला, झौखेल गा.वि.स ८/८ग<br>कित्ता नं.११०७ क्षेत्रफल ०-४-०-०<br>कित्ता नं.११०० क्षेत्रफल ०-६-२-०<br>कित्ता नं.११०२ क्षेत्रफल ०-१-१-० |

### लिलाम बिक्रीसम्बन्धी अन्य शर्तहरू :

१. बोलपत्रसम्बन्धी सर्तबन्देजसहितको बोलपत्र आवेदन फाराम रू.१,०००।- दस्तुर (फिर्ता नहुने गरी) तिरी सहकारी संस्थाको केन्द्रीय कार्यालय, भक्तपुर च्याम्हासिंहबाट कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ ।

२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस) दिनभित्र अर्थात् मिति २०८३/०३/१० गते ५:०० बजे**भित्र यस सहकारी संस्थाको प्रशासन शाखामा बुझाई सक्नुपर्नेछ ।

३. प्राप्त बोलपत्रहरू लिलामसम्बन्धी सूचना प्रकाशित भएको मितिले **३६ औं दिनमा मिति २०८३/०३/११ गते दिउँसो ३:०० बजे** सहकारी संस्थाको भवनमा नै खोलिनेछ । बोलपत्र उपस्थित प्रतिनिधि वा सरकारी निकायका प्रतिनिधिहरूको उपस्थितिमा खोलिनेछ । तर, बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिति नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. लिलाम गर्न लागिएको सम्पत्ति जेजस्तो अवस्थामा छ, सोही अवस्थामा खरिद गर्नुपर्ने गरी बोलपत्र पेस गर्नुपर्नेछ । बोलपत्र पेस गर्दा सबै सम्पत्तिको लागि एकमुष्ट कति बोलकबुल गरिएको हो स्पष्ट खुलाएर पेस गर्नुपर्नेछ । बोलपत्र सबै लिलामी सम्पत्तिको स्वीकार गर्ने गरी पेस गर्नुपर्नेछ । यससम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार सहकारी संस्थामा निहित रहनेछ ।

५. बोलपत्रमा आफूले सकार गरी लिन चाहेको सम्पत्तिको कति रकममा खरिद गर्न चाहेको हो सोको अङ्क तथा अक्षरमा स्पष्ट उल्लेख हुनुपर्नेछ । आफूले कबुल गरेको रकमको **कम्तीमा ५ (पाँच) प्रतिशत** धरौटी रकम यस सहकारी संस्थाको **सिद्धार्थ बैङ्क लि.भक्तपुर, कमलविनायक शाखाको खाता नं.०३६१५००९१२१** मा वा **सेन्ट्रल फाइनान्स लि.च्याम्हासिंह शाखाको खाता नं.००५००४०००१२८६८०००१५** मा जम्मा गरेको सक्कल भौचर संलग्न गरी तोकिएको म्यादभित्र सहकारी संस्थामा पेस गर्नुपर्नेछ । धरौटी स्वरूप जम्मा गरिएको रकममा ब्याज दिइने छैन ।

६. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सोको जानकारी सम्बन्धित बोलपत्रदातालाई लिखित सूचना पठाइनेछ । स्वीकृत बोलपत्रदाताले सहकारी संस्थाले तोकेको अवधिभित्र आफूले कबोल गरेको बाँकी सम्पूर्ण रकम जम्मा गरी बोलकबोल गरेको सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ । साथै उक्त समयभित्र कबोल गरेको रकम दाखिला नगरेमा धरौटीबापत राखिएको रकम सहकारी संस्थाले जफत गर्नेछ ।

७. स्वीकृत भएको बोलपत्रअनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखिला खारेज गर्दा लाग्ने रजिस्ट्रेसन दस्तुर विभिन्न करहरू तथा अन्य शुल्क इत्यादि बोलपत्रदाताले नै व्यहोर्नुपर्नेछ ।

८. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । बोलपत्र सदरबदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्र रद्द गरिनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीबापत जम्मा गरेको रकम बिनाब्याज फिर्ता दिइनेछ ।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्नेसम्बन्धी सम्पूर्ण अधिकार सहकारी संस्थामा सुरक्षित रहनेछ । रित नपुगेका दर्ता हुन आएका बोलपत्रहरूको कुनै कारबाही हुनेछैन ।

१०. अन्य सर्तहरू बोलपत्र फाराममा उल्लेख भएबमोजिम हुनेछ ।


## हार्दिक बधाई




साथी समूहका सदस्य श्री **ज्ञानेन्द्र श्रेष्ठ** वागीश्वरी मा.वि.को सहायक प्रधानाध्यापक जस्तो गरिमामय पदमा नियुक्त हुनुभएकोमा सफल कार्यकालको शुभकामना व्यक्त गर्दै **हार्दिक बधाई** ज्ञापन गर्दछौं ।

**साथी समूह**, भक्तपुर



## हार्दिक समवेदना



न्हुछेराम प्रजापति

**जन्म** : १९८८/१०/१६ **निधन** : २०८३/०१/२६

नेपाल क्रान्तिकारी शिक्षक सङ्घ केन्द्रीय समितिका अध्यक्ष ज्ञानसागर प्रजापतिका पूजनीय पिता **न्हुछेराम प्रजापति**को दु:खद निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौं ।

**नेपाल क्रान्तिकारी शिक्षक सङ्घ**
केन्द्रीय समिति

**नेपाल क्रान्तिकारी शिक्षक सङ्घ**
भक्तपुर जिल्ला समिति


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा